विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण २०७२ (कक्षा ३ र कक्षा ५)

# सङ्क्षिप्त प्रतिवेदन

## National Assessment of Student Achievement 2015 (Grade 3 and 5)

## A BRIEF REPORT

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर, नेपाल
वेभ साइट: www.ero.gov.np, इमेल : eronepal@gmail.com
फोन : ०१६६३९५५६, ०१६६३९५५७

विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण २०७२ (कक्षा ३ र कक्षा ५)

# सङ्क्षिप्त प्रतिवेदन

**National Assessment of Student Achievement 2015 (Grade 3 and 5)**

## A BRIEF REPORT

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर, नेपाल
वेव साइट : www.ero.gov.np, इमेल : eronepal@gmail.com
फोन : ०१६६३९५५६, ०१६६३९५५७

# विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, २०७२ (कक्षा ३ र कक्षा ५): सङ्क्षिप्त प्रतिवेदन

**(National Assessment of Student Achievement, 2015 - Grade 3 and 5: A Brief Report)**

प्रकाशक : शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर, नेपाल
**(Education Review Office, Sanothimi, Bhaktapur, Nepal)**

सम्पादन : डा.लेखनाथ पौडेल; गोपालप्रसाद भट्टराई

लेखन तथा संयोजन : लवदेव भट्ट

प्रति : ३५००

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन वर्ष : २०७३ (सन् २०१६)

मुद्रक :

# प्राक्कथन

पढाइ, लेखाइ र गणितीय उन्नत सिपहरू व्यक्तिको व्यक्तिगत विकासका अतिरिक्त मुलुकको सामाजिक आर्थिक विकाससँग प्रत्यक्ष रुपले सम्बन्धित हुने हुँदा विकासको महत्त्वपूर्ण रणनीतिका रुपमा विश्वका सबै जसो मुलुकहरूले शिक्षाको विकास र विस्तार गर्दै आएका छन् । विद्यालय तहको शिक्षण सिकाइ प्रक्रियाद्वारा अपेक्षा गरे अनुसार उल्लिखित सिप र ज्ञान हासिल हुन सके नसकेको सुनिश्चित गर्नका लागि विद्यार्थी सिकाइ उपलब्धि परीक्षणको अभ्यास विश्वव्यापी बन्दै आएको छ । नेपालमा पनि पाठ्यक्रम अनुसारका सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ ले निर्देश गरे अनुसार सन् २०११ मा कक्षा ८ को नेपाली, गणित र सामाजिक शिक्षा विषयमा; सन् २०१२ मा कक्षा ३ को नेपाली र गणित तथा कक्षा ५ को नेपाली, गणित र अंग्रेजी विषयमा र सन् २०१३ मा कक्षा ८ को नेपाली, गणित र विज्ञान विषयमा राष्ट्रिय स्तरमा विद्यार्थीको उपलब्धि परीक्षण सम्पन्न भई तिनका नतिजा तथा प्रतिवेदनहरू यस अघि नै सार्वजनिक भइसकेका छन् । यही क्रममा सन् २०१५ मा सम्पन्न कक्षा ३ को नेपाली र गणित तथा कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी विषयमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका नतिजा तथा मुख्य मुख्य प्राप्तिहरूलाई समावेश गरी विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षा व्यवस्थापक तथा नीति निर्माता लगायत शिक्षा क्षेत्रसँग सरोकार राख्ने सबैलाई उक्त परीक्षणका मुख्य नतिजाहरू समावेश गरी सङ्क्षिप्त प्रतिवेदन प्रकाशित गरिएको छ ।

प्रस्तुत सङ्क्षिप्त प्रतिवेदनमा विद्यार्थी सिकाइ उपलब्धि परीक्षणको परिचय, उपलब्धि परीक्षणको ऐतिहासिक सन्दर्भ, परीक्षणका उद्देश्य, परीक्षण विधि र प्रकिया, मुख्य नतिजाहरू तथा निष्कर्ष र प्रयोजन समेत समेटिएको छ। विद्यार्थी सिकाइ उपलब्धि परीक्षणको यस प्रतिवेदनबाट विद्यालय शिक्षा प्रणालीका सबल र कमजोर क्षेत्रहरू पहिचान गरी विद्यार्थी सिकाइ सुधारका लागि आवश्यक नीति, योजना तर्जुमा र कार्यक्रम कार्यान्वयन गर्न सरकार लगायत सबै सरोकारवालालाई एउटा आधार प्राप्त हुने अपेक्षा गरिएको छ ।

यस उपलब्धि परीक्षणको मुख्य प्रतिवेदन र सङ्क्षिप्त प्रतिवेदन तयार गर्न सहयोग पुर्‍याउनु हुने सबै व्यक्ति तथा संस्था प्रति केन्द्र हार्दिक आभार व्यक्त गर्दछ। आगामी दिनमा यस प्रकारका कार्यमा सम्बद्ध सबै क्षेत्रबाट आवश्यक सहयोग प्राप्त हुने अपेक्षा राखिएको छ। अन्तमा प्रतिवेदनका प्राप्ति र प्रयोजनलाई समेत आधार मानी शैक्षिक सुधारको मार्ग चित्र तय गर्न र सुधार कार्यमा संलग्न हुन यो केन्द्र सम्बद्ध सबैमा विशेष अनुरोध गर्दछ ।

२०७३ जेठ (सन् २०१६ जुन )

शिक्षा मन्त्रालय
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर

# विषयसूची


परिचय १

नेपालमा विद्यार्थी उपलब्धि परीक्षणको अभ्यास १

विद्यार्थी उपलब्धि परीक्षणका उद्देश्यहरू २

परीक्षण विधि र प्रक्रिया ३

मुख्य नतिजाहरू ७

निष्कर्ष र प्रयोजन २५


# तालिकाहरूको सूची


तालिका १: नमुना छनौट भएका जिल्ला, विद्यालय तथा विद्यार्थी सङ्ख्या ३

तालिका २ : जिल्लागत रूपमा विद्यार्थीको कक्षागत र विषयगत औसत सिकाइ उपलब्धि १५

तालिका ३ : गृहकार्यको अवस्थाको आधारमा विद्यार्थीको औसत उपलब्धि २०


# चित्रहरूको सूची


चित्र १: विषयगत राष्ट्रिय औसत उपलब्धि ७

चित्र २: विषयगत रूपमा छात्रा र छात्रको औसत उपलब्धि ८

चित्र ३ : भौगोलिक क्षेत्रको आधारमा सिकाइ उपलब्धि ८

चित्र ४ : विकास क्षेत्रगत रूपमा विद्यार्थीको औसत उपलब्धि ९

चित्र ५ : सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको औसत उपलब्धि १०

चित्र ६ : विषयवस्तुको क्षेत्रको आधारमा भाषा विषयहरूमा औसत सिकाइ उपलब्धि १०

चित्र ७ : विषयवस्तुको क्षेत्रका आधारमा गणित विषयको औसत सिकाइ उपलब्धि ११

चित्र ८ : संज्ञानात्मक तहका आधारमा विद्यार्थीको औसत उपलब्धि १२

चित्र ९ : विद्यार्थीको जातजातिगत पृष्ठभूमिको आधारमा विद्यार्थीको औसत उपलब्धि १२

चित्र १० : मातृभाषाका आधारमा विद्यार्थीको विषयगत औसत उपलब्धि १३

चित्र ११ : विद्यालयको अवस्थितिका आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि १४

चित्र १२ : घरायसी काममा संलग्न समयको आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि १६

चित्र १३ : ज्यालाको काममा दिने समयको आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि १६

चित्र १४ : खेलमा खर्च गर्ने समयको आधारमा अङ्ग्रेजी विषयमा औसत सिकाइ उपलब्धि १७
चित्र १५ : गृहकार्य गर्ने समयको आधारमा अङ्ग्रेजी विषयमा औसत सिकाइ उपलब्धि १८
चित्र १६ : टिभि हेर्ने समयको आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि प्रतिशत १८
चित्र १७ : पाठ्यपुस्तकको उपलब्धताको अवस्थाको आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि प्रतिशत १९
चित्र १८ : बुलिङ र विद्यार्थीको औसत उपलब्धि २०
चित्र १९ : प्रश्नका प्रकारका आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि २१
चित्र २० : उपलब्ध घरायसी सामग्री सङ्ख्या र विद्यार्थीको सिकाइ उपलब्धि २२
चित्र २१ : पढाइका लागि उपलब्ध घरायसी सहयोगका आधारमा विद्यार्थी सिकाइ उपलब्धि २३
चित्र २२ : सामाजिक आर्थिक अवस्था र विद्यार्थीको औसत सिकाइ उपलब्धि २४
चित्र २३ : कक्षा ५ को नेपाली र गणित विषयको औसत उपलब्धिको अन्तर्राष्ट्रिय स्तरसँग तुलना २५

# परिचय

विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण गर्ने परिपाटी विश्वका धेरै देशमा रहेको छ । शिक्षण सिकाइको प्रक्रियाबाट राष्ट्रिय पाठ्यक्रमद्वारा अपेक्षित ज्ञान, सिप र सक्षमताहरू प्राप्तिको स्तरलाई राष्ट्रिय रूपमा लेखाजोखा गर्ने पद्धतिको रूपमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement) लाई लिने गरिएकोछ । राष्ट्रिय रूपमा प्रतिनिधित्व हुने गरी नमुना छनौट गरी वैज्ञानिक र व्यवस्थित अनुसन्धान विधि प्रयोग गरेर विषयगत रूपमा सिकाइ उपलब्धि निर्धारण गर्ने, विभिन्न आधार तथा पक्षहरूसँग सिकाइ उपलब्धि तुलना गर्ने, समताको दृष्टिकोणले त्यसको विश्लेषण गर्ने, भविष्यमा सिकाइ सुधारका लागि अपनाउन सकिने रणनीतिको पहिचान गर्ने र नीति निर्माता तथा कार्यान्वयनकर्तालाई पृष्ठपोषण प्रदान गर्ने प्रयोजनका लागि विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण गरिन्छ । समग्रमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको मुख्य उद्देश्य शिक्षा प्रणालीको प्रभावकारिता र सक्षमता निर्धारण गर्नु हो । यो सङ्क्षिप्त प्रतिवेदन सन् २०१५ (वि. सं. २०७२) मा सञ्चालित कक्षा ३ र ५ का विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणको मुल प्रतिवेदनमा प्रस्तुत नतिजाका आधारमा तयार गरिएको छ । उक्त परीक्षणका प्रमुख विशेषताहरू निम्नानुसार रहेका थिए ।

- यो परीक्षणमा स्तरीकृत प्रश्नहरू प्रयोग गरिएको थियो ।
- यस परीक्षणमा विद्यार्थीका लागि विषयगत प्रश्न र पृष्ठभूमि सूचनासम्बन्धी प्रश्नावली दुवै प्रयोग गरिएका थिए भने प्रधानाध्यापक र विषय शिक्षकका लागि पृष्ठभूमि सूचनासम्बन्धी प्रश्नावली प्रयोग गरिएको थियो ।
- यो परीक्षणको नतिजालाई अन्तर्राष्ट्रिय परीक्षणहरू टिम्स र पर्ल्स (TIMSS and PIRLS) को नतिजासँग तुलना गरिएको थियो ।
- विद्यार्थी उपलब्धि परीक्षणका लागि नवीनतम सिद्धान्त तथा प्रविधिमा आधारित आइआरटि सिद्धान्त (Item Response Theory -IRT) को प्रयोग भएको थियो ।
- प्रश्नावलीको पूर्व परीक्षण गरी उपयुक्त कठिनाइस्तर भएका प्रश्नहरूमात्र समावेश गरिएको थियो ।

यो प्रतिवेदनमा नेपालमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण अभ्यास, यस परीक्षणका उद्देश्य, परीक्षण सञ्चालन प्रक्रिया, मुख्य नतिजा तथा प्राप्ति, प्रयोजन तथा निष्कर्षहरू सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । सिकाइ उपलब्धिसँग सम्बन्धित विभिन्न पक्षका आधारमा मुख्य नतिजाहरू उल्लेख गरिएको छ ।

## नेपालमा विद्यार्थी उपलब्धि परीक्षणको अभ्यास

नेपालमा विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणको सुरुआत सन् १९९० को दशकको पछिल्लो अवधिबाट भएको पाइन्छ । सन् २०११ सम्ममा भएका यस्ता परीक्षणहरू कक्षा ३, ४, ५, ६, ८ र १० मा

सञ्चालन भएका थिए । ती परीक्षणहरू तुलनात्मक रुपमा सानो परिमाणको नमुनामा आधारित थिए । यस्ता सिकाइ उपलब्धि परीक्षणहरू निश्चित समयको अन्तरालमा विद्यार्थीको सिकाइ उपलब्धि स्तरमा देखिएको परिवर्तन र त्यसको प्रवृत्ति विश्लेषण गरी मुलुकको शैक्षिक सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने अभिप्रायले सम्पन्न भए तापनि शैक्षिक गुणस्तर परीक्षण केन्द्र स्थापना पूर्व सञ्चालित ती परीक्षणहरू व्यवस्थित र नियमित हुन सकेका थिएनन् । संस्थागत रुपमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलाई व्यवस्थित बनाउने प्रयास विद्यालय क्षेत्र सुधार योजना (School Sector Reform Plan-SSRP) २०६६-२०७२ कार्यान्वयनको क्रममा शिक्षा मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO-Education Review Office) को स्थापना पश्चात् सुरु भएको छ । यसले निश्चित समयको अन्तरालमा स्तरीकृत विधि र प्रक्रिया प्रयोग गरी राष्ट्रियस्तरमा उपलब्धि परीक्षण गर्दै आएको छ । यसै क्रममा पहिलो पटक वि.सं. २०६८ (सन् २०११) मा २५ जिल्लाबाट १२०१ विद्यालयका कक्षा ८ का ४८,६८२ विद्यार्थीहरूमा नेपाली, गणित र सामाजिक शिक्षा विषयमा सिकाइ उपलब्धि परीक्षण गरेको थियो । यस पछिको परीक्षण वि.सं.२०६९ (सन् २०१२) सालमा कक्षा ३ मा नेपाली र गणित तथा कक्षा ५ मा नेपाली, गणित र अङ्ग्रेजी विषयमा २८ जिल्लाका १६९० विद्यालयका ८०,२३२ विद्यार्थीहरूमा सम्पन्न गरिएको थियो भने सन् २०१३ मा २८ जिल्लाका ११९९ विद्यालयबाट कक्षा ८ का ४४,०६७ विद्यार्थीमा नेपाली, गणित र विज्ञान विषयमा पुनः अर्को राष्ट्रिय स्तरको उपलब्धि परीक्षण पनि सम्पन्न भएको थियो । यी तिन ओटा परीक्षण पश्चात कक्षा ३ मा गणित र नेपाली विषय तथा कक्षा ५ मा गणित, नेपाली र अङ्ग्रेजी विषयमा सिकाइ उपलब्धिको अर्को परीक्षण वि.सं. २०७२ (सन् २०१५) मा सम्पन्न गरिएको छ । यो परीक्षण कक्षा ३ मा १५४२ विद्यालयका ३३,८६३ जना र कक्षा ५ मा १५४३ विद्यालयका ४०,०१५ जना विद्यार्थीमा सञ्चालन गरिएको थियो । यसै परीक्षणको आधारमा तयार गरिएको अङ्ग्रेजी भाषामा लेखिएको मुल प्रतिवेदनका मुख्य नतिजा, प्राप्ति, निष्कर्ष र प्रयोजन समावेश गरी यो सङ्क्षिप्त प्रतिवेदन तयार गएिको छ ।

## विद्यार्थी उपलब्धि परीक्षणका उद्देश्यहरू

विद्यार्थी उपलब्धिको यस राष्ट्रिय परीक्षणको मुख्य उद्देश्य कक्षा ३ र ५ का विद्यार्थीको सिकाइ उपलब्धि स्तर निर्धारण गर्नु हो । यस परीक्षणका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- सम्बन्धित कक्षामा अध्ययनरत विद्यार्थीको मुख्य विषयहरूमा सिकाइ उपलब्धिको अवस्था पहिचान गर्नु ;
- भौगोलिक क्षेत्रगत, विकास क्षेत्रगत, ग्रामीण र सहरी, संस्थागत र सामुदायिक, लैङ्गिक, जातजातिगत आधारमा सिकाइ उपलब्धि स्थितिको पहिचान गर्नु ;
- विद्यार्थीको सिकाइमा प्रभाव पार्ने विद्यालय, घर र विद्यार्थीसँग सम्बन्धित तत्वका आधारमा सिकाइ उपलब्धि विश्लेषण गर्नु ;
- विद्यार्थी सिकाइ उपलब्धिका पूर्व परीक्षणका नतिजासँग वर्तमान परीक्षणका नतिजाहरू तुलना गर्नु ;

- विद्यार्थी उपलब्धिका अन्तर्राष्ट्रिय परीक्षणका नतिजासँग नेपाली विद्यार्थीको सिकाइ उपलब्धिका नतिजा तुलना गर्नु ;
- विद्यार्थी सिकाइ उपलब्धिमा भएको परिवर्तन अनुगमनको लागि  आधारभूत तथ्याङ्क तयार गर्नु ;
- विद्यार्थी सिकाइ सुधारका लागि  नीतिगत पृष्ठपोषण प्रदान गर्न प्रामाणिक तथ्याङ्क तयार गर्नु ।

## परीक्षण विधि र प्रक्रिया

यस सिकाइ उपलब्धि परीक्षणका लागि विभिन्न प्रकारका विविधताको राष्ट्रिय रूपमा प्रतिनिधित्व हुने ५ विकास क्षेत्र र  उपत्यका सहित ४ भौगोलिक प्रदेश (हिमाल, पहाड, तराई र उपत्यका) का जिल्ला, ग्रामीण तथा सहरी परिवेश र सामुदायिक र संस्थागत विद्यालय समानुपातिक रूपमा समावेश गरी नमुना छनोट गरिएको थियो । परीक्षणमा प्रत्येक विषय अनुसारका स्तरीकृत प्रश्नहरूका आधारमा विषयवस्तुको सिकाइ स्तर र पृष्ठभूमि प्रश्नावली प्रयोग गरी सिकाइ वातावरण र सिकाइमा प्रभाव पार्ने तत्वहरूको प्रभाव अध्ययन गरिएको थियो । अध्ययनका लागि नमुना छनोट, परीक्षण साधन विकास, उत्तरपुस्तिका परीक्षण तथा प्रतिवेदन तयारी सम्मका विधि र प्रक्रियाहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

### नमुना छनोट

यो परीक्षणका लागि सबै भौगोलिक क्षेत्र, विकास क्षेत्र, ग्रामीण र सहरी क्षेत्र तथा सामुदायिक र संस्थागत विद्यालयको प्रतिनिधित्व हुने गरी विद्यालय र विद्यार्थी सङ्ख्या छनोट गरिएको थियो । यसरी नमुना छनौटमा परेका कुल १६५० विद्यालय र ८०,८८१ विद्यार्थीमध्ये परीक्षणमा सहभागी भई विश्लेषणका लागि आवश्यक विवरण प्राप्त भएका तालिका १ अनुसार विद्यालय र विद्यार्थीको नतिजा यस विश्लेषणमा समावेश गरिएको छ ।

**तालिका १: नमुना छनौट भएका जिल्ला, विद्यालय तथा विद्यार्थी सङ्ख्या**

| जिल्ला | विकास क्षेत्र | भौगोलिक क्षेत्र | कक्षा ३ | | | | कक्षा ५ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विद्यालय सङ्ख्या | | विद्यार्थी सङ्ख्या | | विद्यालयको सङ्ख्या | | | विद्यार्थी सङ्ख्या | | |
| | | | गणित | नेपाली | गणित | नेपाली | गणित | नेपाली | अङ्ग्रेजी | गणित | नेपाली | अङ्ग्रेजी |
| इलाम | पूर्वाञ्चल | पहाड | ३३ | ३२ | ५४३ | ४७८ | २२ | २२ | २१ | ४२९ | ४४४ | ४३५ |
| झापा | पूर्वाञ्चल | तराई | ४४ | ४४ | १०४० | १०८३ | २९ | २९ | ३० | ७२४ | ७५२ | ७४० |
| मोरङ | पूर्वाञ्चल | तराई | ४६ | ४७ | १०६४ | ९६७ | ३१ | ३१ | ३१ | ७८८ | ७९० | ८२० |
| संखुवासभा | पूर्वाञ्चल | हिमाल | २८ | २७ | ४७६ | ५४६ | १९ | १८ | १८ | ४६९ | ४०९ | ३८१ |
| भोजपुर | पूर्वाञ्चल | पहाड | २६ | २७ | ३०० | ४९० | १७ | १८ | १८ | ४३२ | ४९२ | ४५४ |
| रामेछाप | मध्यमाञ्चल | पहाड | ३२ | ३२ | ४८७ | ५३८ | २२ | २१ | २१ | ५७६ | ४९३ | ४४८ |
| ललितपुर | उपत्यका | उपत्यका | ३२ | ३१ | ९६४ | ६३० | २१ | २१ | २१ | ४९१ | ४४० | ४६० |
| भक्तपुर | उपत्यका | उपत्यका | २३ | २३ | ४९६ | ४६६ | १५ | १६ | १५ | २४५ | ४४६ | २७३ |

| जिल्ला | विकास क्षेत्र | भौगोलिक क्षेत्र | कक्षा ३ | | | | कक्षा ५ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विद्यालय सङ्ख्या | | विद्यार्थी सङ्ख्या | | विद्यालयको सङ्ख्या | | | विद्यार्थी सङ्ख्या | | |
| | | | गणित | नेपाली | गणित | नेपाली | गणित | नेपाली | अङ्ग्रेजी | गणित | नेपाली | अङ्ग्रेजी |
| काठमाडौं | उपत्यका | उपत्यका | ८८ | ८८ | १८६४ | १६८५ | ५९ | ५९ | ५८ | १४९४ | ११७२ | १३९३ |
| धादिङ | मध्यमाञ्चल | पहाड | ४१ | ४२ | ८९२ | ८१४ | २८ | २७ | २८ | ७७७ | ७१८ | ६७१ |
| रौतहट | मध्यमाञ्चल | तराई | ३१ | ३१ | ६६१ | ९४८ | २० | २१ | २१ | ६६१ | ६११ | ५८१ |
| बारा | मध्यमाञ्चल | तराई | ३३ | ३२ | ११३३ | १०३५ | २२ | २२ | २१ | ७८८ | ९०५ | ८०४ |
| तनहुँ | पश्चिमाञ्चल | पहाड | ४४ | ४४ | ९६५ | ९०३ | २९ | २९ | ३० | ७९१ | ८०२ | ८९२ |
| स्याङ्जा | पश्चिमाञ्चल | पहाड | ४१ | ४१ | ७३८ | ७६१ | २९ | २७ | २७ | ६०७ | ६८० | ६७३ |
| मुस्ताङ | पश्चिमाञ्चल | हिमाल | ५ | ५ | ३१ | २९ | ३ | ४ | ३ | २९ | ३९ | ५३ |
| नवलपरासी | पश्चिमाञ्चल | तराई | ४५ | ४५ | ९३९ | १०१९ | ३० | ३० | ३० | ७४४ | ७२५ | ७३४ |
| प्युठान | मप | पहाड | २५ | २५ | ६९६ | ७३३ | १७ | १६ | १७ | ६६१ | ५९१ | ५३२ |
| बाँके | मप | तराई | २९ | २९ | ८४७ | ८१६ | १९ | २० | १९ | ५७६ | ६३९ | ६७४ |
| जाजरकोट | मप | पहाड | २७ | २८ | ७०३ | ५०६ | १८ | १८ | १९ | ३८६ | ३९१ | ४६१ |
| कालीकोट | मप | हिमाल | १९ | १९ | ४८१ | ४२६ | १३ | १३ | १२ | ३४५ | ३४४ | २७० |
| बझाङ | सुप | हिमाल | ३० | ३० | ६३६ | ६९२ | २० | २० | २० | ५२२ | ५१७ | ४९० |
| डोटी | सुप | पहाड | २६ | २६ | ५४९ | ६१० | १७ | १७ | १८ | ४१८ | ४८८ | ४३४ |
| कञ्चनपुर | सुप | तराई | २३ | २३ | ५६९ | ६१४ | १६ | १५ | १५ | ५६१ | ४६७ | ४७३ |
| जम्मा | | | ७७१ | ७७१ | १७०७४ | १६७८९ | ५१६ | ५१४ | ५१३ | १३५१४ | १३३५५ | १३१४६ |

(मप :मध्यपश्चिमाञ्चल, सुप : सुदूरपश्चिमाञ्चल)

## परीक्षण साधन निर्माण

अध्ययनका क्रममा दुई प्रकारका साधनहरू (विषयसम्बन्धी प्रश्नहरू र पृष्ठभूमि प्रश्नावली) मार्फत तथ्याङ्क सङ्कलन गरिएको थियो। पाठ्यक्रमको आधारमा विषयगत सिकाइ उपलब्धि परीक्षणका लागि स्तरीकृत विषयगत प्रश्नहरू प्रयोग गरिएको थियो भने पृष्ठभूमि सूचनाहरू प्रश्नावलीको माध्यमबाट सङ्कलन गरिएको थियो।

### (क) परीक्षण प्रश्नहरूको निर्माण

प्रश्नहरू लेखनका लागि कक्षा ३ र ५ मा अध्यापनरत सम्बन्धित विषयका शिक्षकहरू, पाठ्यक्रम अधिकृत र विश्वविद्यालयका सम्बन्धित विषयका शिक्षकहरूको सहभागितामा विषयगत प्रश्न निर्माण कार्यशाला सञ्चालन गरिएको थियो। उक्त कार्यशालाबाट प्रत्येक कक्षामा प्रति विषय ६ सेट प्रश्नहरू तयार गरिएका थिए जसलाई विशेषज्ञको समुहबाट परिमार्जन गरी पूर्व परीक्षण गरिएको थियो। पूर्व परीक्षणबाट प्राप्त नतिजाको आधारमा प्रश्नहरू विश्लेषण गरी अन्तिम प्रश्नपत्र तयारी गरिएको थियो। त्यसरी निर्माण भएका प्रश्नहरूको अन्तिमीकरण भने शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विज्ञसमेत सम्मिलित सम्बन्धित विषय समितिको कार्यशालाबाट गरिएको थियो।

## (ख) पृष्ठभूमि सूचना सङ्कलनका लागि प्रश्नावली

विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने विद्यार्थीसँग सम्बन्धित (व्यक्तिगत तथा पारिवारिक), शिक्षकसँग सम्बन्धित (व्यक्तिगत, शैक्षिक योग्यता, तालिम, अनुभव इत्यादि) र विद्यालयसँग सम्बन्धित (विद्यालयको साधन, स्रोत र जनशक्ति) विषयमा सूचना लिन पृष्ठभूमि प्रश्नावलीहरू प्रयोग गरिएको थियो । ती प्रश्नावलीबाट प्राप्त सूचनाका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्व र सिकाइ उपलब्धि बिचको अन्तरसम्बन्ध पत्ता लगाउन विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालयसँग सम्बन्धित विवरणहरू सङ्कलन गरिएको थियो । यसका लागि विद्यार्थी, शिक्षक तथा प्रधानाध्यापकका लागि अलग अलग पृष्ठभूमि सूचना सङ्कलन प्रश्नावलीहरू तयार गरिएको थियो । पृष्ठभूमि प्रश्नावलीमा विद्यार्थी सम्बन्धी विवरण जस्तै उमेर, लिङ्ग, भाषा, जातजाति, घरको काममा सहभागिता, गृहकार्य, विषय प्रतिको अभिरुचि, शिक्षक प्रतिको धारणा, विद्यालय प्रतिको धारणा र विद्यालय सम्मको दुरी र पारिवार सम्बन्धी विवरण जस्तै आमाबाबुको पेसा, आमाबाबुको शिक्षा, घरमा उपलब्ध अध्ययन सामग्री, अन्य उपलब्ध साधन, अध्ययनका लागि उपलब्ध सहयोग समावेश गरिएको थियो । त्यस्तै विद्यालय सम्बन्धी विवरणमा विद्यालय रहेको स्थान, विद्यालयको प्रकार, पुस्तकालयको उपलब्धता, शिक्षक विद्यार्थीको सम्बन्ध, विद्यार्थी विद्यार्थी बिचको सम्बन्ध, विद्यालयको भैतिक सुविधा, विद्यालयको आर्थिक अवस्था, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको सक्रियता र सहयोग, विद्यार्थी अनुशासन, सामुदायिक सहभागिता, दक्ष मानव स्रोतको उपलब्धता, प्रधानाध्यापकको नेतृत्व र व्यवस्थापकीय दक्षता सम्बन्धी विषयवस्तु समावेश गरिएको थियो । त्यस्तै शिक्षकको सन्दर्भमा उमेर, लिङ्ग, शैक्षिक योग्यता, तालिम, क्षमता विकास, अनुभव, विद्यालयको वातावरण, विद्यार्थीको व्यवहार, शैक्षणिक सामग्रीको उपलब्धता, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको उपलब्धता, विद्यार्थी मूल्याङ्कन, पेसा प्रतिको सन्तुष्टि, विषय क्षेत्रमा शिक्षणको अवस्था, कक्षाकोठाको क्रियाकलाप, विद्यार्थी सहभागिता जस्ता विषयवस्तुहरू समावेश गरिएको थियो ।

### प्रश्नहरूको पूर्व परीक्षण

विभिन्न क्षेत्रहरूको उचित प्रतिनिधित्व हुने गरी ११ जिल्लाका १५३ विद्यालयहरूका ७७२४ जना विद्यार्थीहरूमा सम्बन्धित विषय शिक्षक, विषय विशेषज्ञ तथा प्रशिक्षकहरूको समूहबाट तयार गरिएका कक्षा ३ नेपाली र गणित तथा कक्षा ५ का नेपाली, गणित, अङ्ग्रेजी विषयमा प्रति विषय ६ सेट प्रश्नपत्र तयार गरी सबै विषयका प्रश्नहरूको पूर्व परीक्षण गरिएको थियो । पूर्वपरीक्षण सञ्चालन, उत्तर पुस्तिका सङ्कलन र शैक्षिक गुणस्तर परीक्षण केन्द्रसम्म पुर्याउने कार्य सम्बन्धित जिल्लाका जिल्ला शिक्षा कार्यालयहरूबाट भएको थियो भने यसको अनुगमन शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भएको थियो ।

### परीक्षण सञ्चालन

उपलब्धि परीक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयोजनका लागि उपलब्धि परीक्षण सञ्चालन हुने २३ ओटै जिल्लाका जिल्ला शिक्षा कार्यालयमा सम्पर्क व्यक्ति (Focal Person) तोक्न लगाई ती सम्पर्क

व्यक्तिहरूका लागि दुई दिने परीक्षण सञ्चालन, अनुगमन र प्रतिवेदन तयारी सम्बन्धी अभिमुखीकरण कार्यशाला आयोजना गरिएको थियो ।

समग्र परीक्षण कार्यको गुणस्तरीयता र व्यवस्थापनमा प्रभावकारिताका लागि परामर्श सेवा प्रदायक संस्थामार्फत प्रश्नपत्र तथा प्रश्नावली छपाइ, परीक्षण सञ्चालन, उत्तरपुस्तिका सङ्कलन, परीक्षण र सम्परीक्षण, प्राप्ताङ्क प्रविष्टि कार्य सम्पन्न गराइएको थियो भने शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सबै प्रक्रियाको निरन्तर अनुगमन गरिएको थियो । छनौटमा परेका विद्यालयमा जिल्ला शिक्षा कार्यालयको व्यवस्थापन तथा जिल्ला शिक्षा कार्यालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र र शिक्षा मन्त्रालयका पदाधिकारीहरूको निरीक्षण र सुपरिवेक्षणमा परीक्षण सञ्चालन भएको थियो । परीक्षणका लागि प्रत्येक कक्षामा प्रति विषय तिन सेट प्रश्नपत्र प्रयोग गरिएको थियो ।

### उत्तरपुस्तिका परीक्षण र प्राप्ताङ्क प्रविष्टि

उपलब्धि परीक्षणका उत्तर पुस्तिका परीक्षण कार्य परामर्श सेवा प्रदायक संस्था शिक्षा विकास केन्द्रले आफ्ना सूची (Roaster) मा समावेश भएका उत्तरपुस्तिका परीक्षकहरूबाट गराएको थियो । उत्तरपुस्तिका परीक्षकहरूका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट उत्तरपुस्तिका परीक्षण सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गरिएको थियो । परीक्षण र अङ्कनमा एकरूपता कायम गर्नका लागि परीक्षण पूर्व तयार गरिएका उत्तर कुञ्जिकाका आधारमा परीक्षण कार्य गराइएको थियो । परीक्षणको कार्य सम्पन्न भएपछि सम्परीक्षणको कार्य गरिएको थियो । परीक्षण तथा सम्परीक्षण कार्यको निरन्तर अनुगमन तथा सुपरिवेक्षण शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भएको थियो । उत्तर पुस्तिका परीक्षण पश्चात् प्रत्येक प्रश्न अनुसारको प्राप्ताङ्कलाई ओएमआर (OMR-Optical Mark Recognition) फाराममा उतार गरिएको थियो । ओएमआर मेसिनबाट प्राप्ताङ्कलाई स्क्यान गरी तथ्याङ्कको रूपमा कम्प्युटरमा अभिलेखीकरण गर्ने पद्धति प्रयोग गरिएको थियो । तथ्याङ्क प्रविष्टिमा गल्ती हुन नदिनका लागि ओएमआर फारामबाट मेसिनमार्फत नै तथ्याङ्क तयार गरिएको थियो । प्रत्येक प्रश्नअनुसारको प्राप्ताङ्क प्रविष्ट गरी प्रश्न विश्लेषण गरेर विश्वसनीयता (Reliability) र प्रश्नहरूको सहसम्बन्ध (Correlation) खोजी गरिएको थियो । प्रत्येक प्रश्नको प्राप्ताङ्क प्रविष्टिबाट प्रश्नको प्रकार, विषय क्षेत्र र संज्ञानात्मक तहबमोजिम उपलब्धि परीक्षणको नतिजा विश्लेषण गर्ने आधार तयार गरिएको थियो ।

### तथ्याङ्कको विश्लेषण


प्रत्येक विषयमा तिन सेट प्रश्न तयार गरिएको थियो र एउटा विद्यालयमा एक विषयको मात्र परीक्षण सञ्चालन गरिएको थियो । यसरी फरकफरक तिन सेट प्रश्नपत्रलाई एउटै ढाँचामा राखी अघिल्ला वर्षहरूको नतिजा र अन्तर्राष्ट्रिय स्तरसँग तुलनायोग्य बनाउन आइआरटि (IRT-Item Response Theory) प्रयोग गरी प्रश्नहरू तथा तथ्याङ्क विश्लेषण गरिएको थियो । तथ्याङ्क विश्लेषणका लागि एसिपएसएस (SPSS -Statistical Package for Social Science) सफ्टवेयर प्रयोग गरिएको थियो ।

# मुख्य नतिजाहरू

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सञ्चालन गरिएका कक्षा ३ को नेपाली र गणित तथा कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी विषयहरूमा विद्यार्थीहरूको उपलब्धि स्तरको परीक्षणबाट प्राप्त मुख्यमुख्य नतिजाहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

## १. विषयगत राष्ट्रिय औसत उपलब्धि


उपलब्धि परीक्षणका गरिएका विषयहरूमध्ये कक्षा ३ को नेपाली बाहेक सबै विषयमा औसत उपलब्धि स्तर ५० प्रतिशत भन्दा न्यून रहेको देखिन्छ । यस परीक्षणमा कक्षा ३ को नेपाली र गणित विषयमा राष्ट्रिय औसत क्रमशः ५२ र ४५ प्रतिशत छ भने कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी विषयमा  राष्ट्रिय औसत क्रमशः ४६, ४८ र ४७ प्रतिशत रहेको देखिन्छ ।




**चित्र १: विषयगत राष्ट्रिय औसत उपलब्धि**

## २. छात्र र छात्राको औसत उपलब्धि स्तरको तुलना


लैङ्गिक दृष्टिबाट हेर्दा दुवै कक्षामा छात्र र छात्राको उपलब्धिमा उल्लेख्य भिन्नता देखिन्न । कक्षा ३ को गणित र कक्षा ५ को अङ्ग्रेजीमा छात्र र छात्राको औसत सिकाइ उपलब्धि स्तर बराबर रहेको छ । तर कक्षा ३ र कक्षा ५ को नेपाली र गणित विषयमा भने छात्रहरूको भन्दा छात्राको औसत सिकाइ उपलब्धि क्रमशः ३, २ र २ प्रतिशतले उच्च रहेको देखिन्छ । छात्रा र छात्रको उपलब्धि स्तरमा करिब समानता देखिनुले सिकाइ स्तरमा लैङ्गिक समानता कायम हुन सकेको देखिन्छ ।




**चित्र २: विषयगत रूपमा छात्रा र छात्रको औसत उपलब्धि**

## ३. भौगोलिक क्षेत्रका आधारमा विद्यार्थीहरूको सिकाइ उपलब्धि


हिमाल, पहाड, तराई र काठमाडौँ उपत्यका समेत चारओटा भौगोलिक क्षेत्रका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि तुलना गर्दा भौगोलिक क्षेत्र बिच उपलब्धि स्तरमा असमानता रहेको पाइन्छ । कक्षा ३ को नेपाली र गणित दुवै विषय तथा कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी तिन ओटै विषयको उपलब्धि स्तर हेर्दा उपत्यकाको सबै भन्दा उच्च र हिमालको सबै भन्दा न्यून देखिन्छ । नेपाली विषयको सन्दर्भमा कक्षा ३ र ५ मा उपत्यकाको सबै भन्दा राम्रो र त्यसपछि क्रमश : पहाड, तराई र हिमालको उपलब्धि देखिन्छ । कक्षा ३ र ५ को गणित तथा कक्षा ५ को अङ्ग्रेजीमा पनि उपत्यकाका विद्यार्थीको उपलब्धि सबै भन्दा उच्च र त्यसपछि क्रमशः तराई, पहाड र हिमालको उपलब्धि रहेको छ ।




**चित्र ३ : भौगोलिक क्षेत्रको आधारमा सिकाइ उपलब्धि**

## ४. विकास क्षेत्रका आधारमा उपलब्धिको तुलना


विकास क्षेत्रगत आधारमा तुलना गर्दा विभिन्न विकास क्षेत्र बिच सिकाइ उपलब्धिमा असमानता रहेको देखिन्छ। यो अध्ययनमा उपत्यकालाई छुट्टै विकास क्षेत्रको रूपमा लिइएको थियो। उपत्यका बाहेक अन्य पाँच विकास क्षेत्रको औसत सिकाइ उपलब्धि तुलना गर्दा कक्षा ३ को गणित बाहेक सबै विषयमा पश्चिमाञ्चल विकास क्षेत्रको सिकाइ उपलब्धि अन्य विकास क्षेत्रको भन्दा उच्च देखिन्छ भने कक्षा ३ को गणितमा भने मध्यमाञ्चल र पूर्वाञ्चलका विद्यार्थीको औसत उपलब्धि पञ्चिमाञ्चलको भन्दा केही उच्च रहेको छ। सबै भन्दा न्यून औसत उपलब्धि भने कक्षा ३ का दुवै विषय र कक्षा ५ को गणित विषयमा मध्यपश्चिमाञ्चलको रहेको छ। त्यसै गरी कक्षा ५ को नेपालीमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको औसत सिकाइ उपलब्धि सबै भन्दा न्यून र कक्षा ५ को अङ्ग्रेजीमा मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको औसत सिकाइ उपलब्धि बराबर रही अन्य विकास क्षेत्रभन्दा न्यून रहेको छ।




**चित्र ४ : विकास क्षेत्रगत रूपमा विद्यार्थीको औसत उपलब्धि**

## ५.सामुदायिक र संस्थागत विद्यालयको उपलब्धिको तुलना


संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर सामुदायिक विद्यालयको तुलनामा राम्रो रहेको देखियो। विषयगत रूपमा सिकाइ उपलब्धि तुलना गर्दा कक्षा ३ को नेपाली र गणित विषयमा क्रमशः २१ र १३ प्रतिशत र कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी विषयमा क्रमशः १८, १६ र ३५ प्रतिशतले सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको औसत सिकाइ उपलब्धि स्तर उच्च रहेको पाइन्छ।




**चित्र ५ : सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको औसत उपलब्धि**


## ६.विषयवस्तुको क्षेत्रका आधारमा सिकाइमा असमानता

सबै विषय अन्तर्गतका विषयवस्तुको क्षेत्रगत सिकाइ उपलब्धिमा असमानता पाइयो । नेपाली र अङ्ग्रेजी जस्ता भाषिक विषयहरूमा लेखाइ, पढाइ, व्याकरण र शब्दभण्डारको क्षेत्रमा असमान सिकाइ उपलब्धि रहेको देखिन्छ । कक्षा ३ को नेपाली विषयका सबै विषयक्षेत्र पढाइ, लेखाइ, व्याकरण र शब्दभण्डार मध्ये लेखाइमा सबै भन्दा न्यून (४१ प्रतिशत) र शब्दभण्डारमा सबैभन्दा उच्च (७५ प्रतिशत) सिकाइ उपलब्धि रहेको देखिन्छ । त्यस्तै कक्षा ५ को नेपालीमा पनि कक्षा ३ मा जस्तै लेखाइमा सबैभन्दा न्यून (३३ प्रतिशत) र शब्दभण्डारमा सबैभन्दा उच्च (५२ प्रतिशत) औसत सिकाइ उपलब्धि प्रतिशत रहेको पाइन्छ । कक्षा ५ को अङ्ग्रेजी विषयमा पनि नेपालीमा जस्तै लेखाइको क्षेत्रमा सबैभन्दा न्यून (४० प्रतिशत) र शब्दभण्डारमा सबै भन्दा उच्च (६२ प्रतिशत) सिकाइ उपलब्धि रहेको पाइन्छ ।




**चित्र ६ : विषयवस्तुको क्षेत्रको आधारमा भाषा विषयहरूमा औसत सिकाइ उपलब्धि**

गणित विषयका विभिन्न क्षेत्रहरू जस्तै अङ्कगणित, ज्यामिति, बीजगणित र सङ्ख्यात्मक ज्ञानको क्षेत्र बिच औसत सिकाइ उपलब्धि असमान रहेको देखिन्छ। कक्षा ३ को गणित विषय अन्तरगत बीजगणितमा सबैभन्दा उच्च उपलब्धि (५७ प्रतिशत) र अङ्कगणितमा सबैभन्दा न्यून (४५ प्रतिशत) औसत उपलब्धि रहेको देखिन्छ। तर कक्षा ५ को अङ्कगणित खण्डमा सबैभन्दा उच्च (५१ प्रतिशत) र बीजगणितमा सबैभन्दा न्यून (४६ प्रतिशत) सिकाइ उपलब्धि रहेको छ।





**चित्र ७ : विषयवस्तुको क्षेत्रका आधारमा गणित विषयको औसत सिकाइ उपलब्धि**

## ७. संज्ञानात्मक तहअनुसार सिकाइ उपलब्धि

संज्ञानात्मक क्षेत्रका प्रयोग र उच्च दक्षता अर्थात समस्या समाधान गर्ने, विश्लेषण गर्ने, तर्क गर्ने, सामान्यीकरण गर्ने, आफ्ना दृष्टिकोण वा तर्कलाई पुष्टि गर्ने एवम् एउटा परिवेशको सिकाइलाई अर्को परिवेशमा स्थानान्तरण गर्ने जस्ता क्षमतामा विद्यार्थीहरू तुलनात्मक रूपमा कमजोर रहेको पाइयो। गणित विषयको सन्दर्भमा कक्षा ३ मा ज्ञान तहमा सबैभन्दा राम्रो (५६ प्रतिशत) र उच्च दक्षताको तहमा सबैभन्दा न्यून (३६ प्रतिशत) औसत सिकाइ उपलब्धि रहेको छ। त्यस्तै कक्षा ५ मा अन्य तहभन्दा ज्ञान तहमा सबैभन्दा उच्च (५७ प्रतिशत) र उच्चदक्षताको तहमा सबैभन्दा न्यून (३७ प्रतिशत) सिकाइ उपलब्धि रहेको छ। कक्षा ५ को अङ्ग्रेजीमा पनि अन्य विषयहरू जस्तै ज्ञान तहमा उच्च (५७ प्रतिशत) र उच्चदक्षताको तहमा न्यून (३९ प्रतिशत) औसत सिकाइ उपलब्धि रहेको छ। नेपाली विषयको सन्दर्भमा कक्षा ३ मा ज्ञान तहमा सबैभन्दा उच्च (६५ प्रतिशत) र उच्च दक्षतामा सबैभन्दा न्यून (३३ प्रतिशत) सिकाइ उपलब्धि रहेको देखिन्छ। त्यस्तै कक्षा ५ को नेपालीमा ज्ञान तहको सिकाइ उपलब्धि ६५ प्रतिशत छ भने र उच्च दक्षतामा ३१ प्रतिशत मात्र सिकाइ उपलब्धि रहेको छ। तर अङ्ग्रेजीमा अन्य विषय भन्दा फरक नतिजा प्रयोग र बोधमा देखियो अर्थात्


अङ्ग्रेजीमा प्रयोग तहभन्दा बोध तहमा न्यून उपलब्धि देखियो । अन्य विषयमा भने संज्ञानात्मक तह बढ्दै जाँदा उपलब्धि क्रमशः घट्दै गएको देखिन्छ ।




**चित्र ८ : संज्ञानात्मक तहका आधारमा विद्यार्थीको औसत उपलब्धि**

## ८. विद्यार्थीको जात जातिगत पृष्ठभूमि र सिकाइ उपलब्धि


विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उनीहरूको जात जातिगत पृष्ठभूमिको प्रभाव पनि देखियो । ब्राह्मण/क्षेत्री, जनजाति, दलित, मधेसी र अन्यको औसत प्राप्ताङ्क प्रतिशतलाई विभिन्न विषयको राष्ट्रिय औसतसँग तुलना गर्दा विविधता रहेको देखियो । सबै विषयमा ब्राह्मणको तुलनामा अन्य जातजातिको औसत सिकाइ उपलब्धि न्यून रहेको देखिन्छ । नेपाली, गणित र अङ्ग्रेजी विषयमा ब्राह्मण, क्षेत्री, र जनजाति समूहको औसत उपलब्धि स्तर दलित र मधेसी समुहको भन्दा उच्च देखिन्छ ।




**चित्र ९ : विद्यार्थीको जातजातिगत पृष्ठभूमिको आधारमा विद्यार्थीको औसत उपलब्धि**

## ९. विद्यार्थीको उपलब्धिमा मातृभाषाको प्रभाव


नेपाली मातृभाषा भएका बालबालिकाको औसत सिकाइ उपलब्धि अन्य मातृभाषा भएका बालबालिकाको भन्दा उच्च देखिन्छ । नेपाली विषयमा कक्षा ३ र ५ मा नेपाली मातृभाषी बालबालिकाको सिकाइ उपलब्धि अन्यको भन्दा क्रमशः ९ र ७ प्रतिशतले उच्च रहेको देखिन्छ । त्यस्तै गणितमा कक्षा ३ मा ३ र कक्षा ५ मा ४ प्रतिशतले नेपाली मातृभाषीको सिकाइ उपलब्धि स्तर उच्च रहेको छ । कक्षा ५ को अङ्ग्रेजी विषयमा भने नेपाली मातृभाषा भएका बालबालिकाको औसत सिकाइ उपलब्धि अन्यको भन्दा १० प्रतिशतले उच्च रहेको छ ।




**चित्र १० : मातृभाषाका आधारमा विद्यार्थीको विषयगत औसत उपलब्धि**

## १०.विद्यालयको अवस्थिति र सिकाइ उपलब्धि

सहरी क्षेत्रका विद्यार्थीहरूले सबै विषयहरूमा ग्रामीण क्षेत्रका विद्यार्थीको भन्दा उच्च उपलब्धि हासिल गरेको देखिन्छ । कक्षा ३ को नेपाली र गणितमा क्रमश : ११ र ७ प्रतिशतले सहरका विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च रहेको पाइन्छ भने कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी विषयमा क्रमशः ९, ८ र २६ प्रतिशतले सहरी विद्यार्थीको सिकाइ उपलब्धि ग्रामीण क्षेत्रका विद्यार्थीको भन्दा उच्च रहेकोछ ।




**चित्र ११ : विद्यालयको अवस्थितिका आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि**

## ११.जिल्लागत सिकाइ उपलब्धि

जिल्लागतरूपमा विद्यार्थीहरूको उपलब्धि स्तरमा ठुलो असमानता रहेको देखिन्छ। अध्ययनका लागि छनौट भएका जिल्लाहरूमध्ये नेपाली विषयको कक्षा ३ मा इलाम, झापा, ललितपुर, भक्तपुर, काठमाडौँ, धादिङ, तनहुँ, स्याङ्जा, मुस्ताङ, नवलपरासी र कञ्चनपुर गरेर ११ ओटा जिल्लाको औसत सिकाइ उपलब्धि राष्ट्रिय औसत (५२ प्रतिशत) भन्दा उच्च देखिन्छ। त्यस्तै कक्षा ५ को नेपालीमा इलाम, झापा, संखुवासभा, रामेछाप, ललितपुर, भक्तपुर, काठमाडौँ, धादिङ, तनहु, मुस्ताङ, नवलपरासी, प्युठान र बझाङ जिल्लाको उपलब्धि मात्र राष्ट्रिय औसत (४६ प्रतिशत) भन्दा माथि देखिन्छ।

कक्षा ३ को गणित विषयको सन्दर्भमा इलाम, झापा, रामेछाप, ललितपुर, भक्तपुर, काठमाडौँ, बारा, तनहु, स्याङ्जा, मुस्ताङ, कालिकोट र कञ्चनपुर गरेर १२ ओटा जिल्लाको उपलब्धि मात्र राष्ट्रिय औसत (४५ प्रतिशत) भन्दा माथि देखिन्छ। कक्षा ५ को गणित विषयमा इलाम, झापा, ललितपुर, भक्तपुर, काठमाडौँ, धादिङ, बारा, तनहु, स्याङ्जा, मुस्ताङ, नवलपरासी, कालिकोट र कञ्चनपुर गरेर जम्मा १३ ओटा जिल्लाको राष्ट्रिय औसत (४८ प्रतिशत) भन्दा माथि सिकाइ उपलब्धि देखिन्छ।

कक्षा ५ को अङ्ग्रेजी विषयमा इलाम, झापा, मोरङ ललितपुर, भक्तपुर, काठमाडौं, धादिङ र नवलपरासी गरेर जम्मा ८ ओटा जिल्लामा मात्र सिकाइ उपलब्धि राष्ट्रिय औसत (४७ प्रतिशत) भन्दा उच्च देखिन्छ। कक्षा ३ को नेपाली र गणित, कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी समेत सबै विषयमा राष्ट्रिय औसत भन्दा उच्च उपलब्धि भएका जिल्लाहरूमा इलाम, झापा, ललितपुर, भक्तपुर र काठमाडौं गरी जम्मा ५ ओटा रहेका छन्

भने डोटी, बाँके, जाजरकोट, रौतहट र भोजपुर गरेर ५ ओटा जिल्लाहरूमा दुवै कक्षाका नेपाली, गणित र कक्षा ५ को अङ्ग्रेजी गरेर सबै विषयमा राष्ट्रिय औसत समेत प्राप्त गर्न सकेको देखिँदैन ।


**तालिका २ : जिल्लागत रूपमा विद्यार्थीको कक्षागत र विषयगत औसत सिकाइ उपलब्धि**

| जिल्ला | कक्षा ३ | | कक्षा ५ | | |
|---|---|---|---|---|---|
| | नेपाली | गणित | नेपाली | गणित | अङ्ग्रेजी |
| इलाम | ६२ | ५२ | ५१ | ५४ | ४८ |
| झापा | ६४ | ५९ | ५८ | ५७ | ६१ |
| मोरङ | ४७ | ३९ | ३६ | ४५ | ४७ |
| संखुवासभा | ४९ | ३५ | ४९ | ३८ | ३५ |
| भोजपुर | ३८ | ३१ | ३६ | ३६ | २६ |
| रामेछाप | ५० | ४७ | ४७ | ४३ | ४२ |
| ललितपुर | ६० | ४५ | ६० | ५३ | ६४ |
| भक्तपुर | ६५ | ४८ | ५८ | ५० | ६९ |
| काठमाडौं | ६६ | ५६ | ५६ | ६० | ७० |
| धादिङ | ५४ | ४४ | ५५ | ४८ | ४७ |
| रौतहट | ३३ | ४३ | ३७ | ४३ | ३६ |
| बारा | ४६ | ४८ | ३६ | ५४ | ३८ |
| तनहुँ | ५८ | ४५ | ५० | ४८ | ४५ |
| स्याङ्जा | ५६ | ४७ | ४५ | ५१ | ४४ |
| मुस्ताङ | ८० | ४९ | ५९ | ६० | ४२ |
| नवलपरासी | ५५ | ४३ | ५५ | ४९ | ५४ |
| प्युठान | ४४ | २७ | ४६ | ३८ | ३३ |
| बाँके | ४२ | ३९ | ४२ | ४६ | ४५ |
| जाजरकोट | ४५ | ३८ | ३४ | ४१ | ३३ |
| कालिकोट | ४१ | ४५ | ४१ | ४९ | ३५ |
| बझाङ | ४३ | ३७ | ५० | ४१ | ३९ |
| डोटी | ४२ | ३८ | ३९ | ४४ | ३४ |
| कञ्चनपुर | ५२ | ४५ | ४० | ४८ | ४२ |

## १२. घरायसी कार्यमा संलग्न विद्यार्थीहरूको उपलब्धि


विद्यालय समय बाहिर विद्यार्थीहरूको घरायसी वा ज्याला नआउने काममा संलग्नताले पनि उनीहरूको सिकाइ उपलब्धिमा प्रभाव पारेको देखियो । दैनिक एकदेखि दुई घण्टासम्म घरायसी काममा संलग्न हुने

विद्यार्थीको औसत सिकाइ उपलब्धि उच्च देखिन्छ भने घरायसी काममा संलग्न नहुने र दुई घण्टाभन्दा बढी घण्टाको काममा संलग्नता बढ्दै जाँदा सिकाइ उपलब्धि स्तर क्रमशः घट्दै गएको देखिन्छ ।




**चित्र १२ : घरायसी काममा संलग्न समयको आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि**


ज्यालाको काममा संलग्न नहुने विद्यार्थीको औसत सिकाइ उपलब्धि ज्यालादारीमा काम गर्नेको भन्दा उच्च देखिन्छ भने ज्यालादारीमा काम गर्ने समय बढदै जाँदा विद्यार्थीको औसत सिकाइ उपलब्धि भने क्रमशः घट्दै गएको पाइन्छ । ज्यालामा काम गर्ने विद्यार्थीको औसत सिकाइ उपलब्धि यस्तो काम नगर्नेको भन्दा न्यून रहेको छ ।




**चित्र १३ : ज्यालाको काममा दिने समयको आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि**

## १३.विद्यार्थीले खेल्नमा खर्च गर्ने समय र सिकाइ  उपलब्धि


खेल खेल्नमा समय नै नदिनेको सिकाइ उपलब्धि न्यून देखियो भने दैनिक १ देखि २ घण्टाको समय खेल्नमा खर्च गर्ने विद्यार्थीको सिकाइ उपलब्धि उच्च देखिन्छ । यसको विपरीत २ घण्टाभन्दा बढी समय खेल्नमा बिताउने विद्यार्थीको सिकाइ उपलब्धि न्यून देखिन्छ । तलको चित्र १४ मा कक्षा ५ को अङ्ग्रेजी विषयमा विद्यार्थीले खेल्नको लागि दिने दैनिक समय र औसत सिकाइ उपलब्धिको सम्बन्ध देखाइएको छ ।




**चित्र १४ : खेलमा खर्च गर्ने समयको आधारमा अङ्ग्रेजी विषयमा औसत सिकाइ उपलब्धि**

## १४.विद्यार्थीले  गृहकार्य गर्न खर्च गर्ने समय र सिकाइ उपलब्धि


विद्यार्थीले गृहकार्य गर्नको लागि दिने समयले पनि उनीहरूको औसत सिकाइ  उपलब्धिमा असर पारेको देखियो । गृहकार्यको लागि समय नै नदिने र दैनिक १ घण्टाभन्दा कम समय दिने विद्यार्थीको औसत सिकाइ उपलब्धि न्यून देखिन्छ भने दैनिक २ देखि ४ घण्टा समय गृहकार्यको लागि समय दिने विद्यार्थीको औसत उपलब्धि उच्च देखिन्छ । यसको विपरीत दैनिक ३ देखि ४ घण्टा भन्दा धेरै समय गृहकार्यमा खर्च गर्ने विद्यार्थीको सिकाइ उपलब्धि न्यून रहेको देखिन्छ । जस्तैः चित्रमा कक्षा ५ को अङ्ग्रेजी विषयमा विद्यार्थीले गृहकार्यको लागि दिने समय र उनीहरूको सिकाइ उपलब्धिको सम्बन्ध देखाइएको छ ।




**चित्र १५ : गृहकार्य गर्ने समयको आधारमा अङ्ग्रेजी विषयमा औसत सिकाइ उपलब्धि**

## १५. टिभी हेर्न खर्चिने समय र विद्यार्थीको सिकाइ उपलब्धि


टिभी हेर्नका लागि समय नै खर्च नगर्ने विद्यार्थी र दैनिक दुई घण्टाभन्दा बढी समय टिभी हेर्नमा खर्चने विद्यार्थीको सिकाइ उपलब्धि तुलना गर्दा दैनिक एक घण्टा वा दुई घण्टाभन्दा कम समय टिभी हेर्नको लागि खर्चने विद्यार्थीको औसत सिकाइ उपलब्धि उच्च देखिन्छ । तलको चित्रमा कक्षा ३ को नेपाली र कक्षा ५ को नेपाली र अङ्ग्रेजी विषयमा टिभी हेर्ने समयको आधारमा सिकाइ उपलब्धि देखाइएको छ ।




**चित्र १६ : टिभि हेर्ने समयको आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि प्रतिशत**

## १६.विद्यार्थीको उपलब्धिमा पाठ्यपुस्तक उपलब्धताको असर

पाठ्यपुस्तकको उपलब्धता/अनुपलब्धताले पनि सबै कक्षाका सबै विषयको सिकाइ उपलब्धिमा असर गरेको पाइयो । पाठ्यपुस्तक उपलब्ध भएका विद्यार्थीको सिकाइ उपलब्धि पाठ्यपुस्तक उपलब्ध नहुने विद्यार्थीको भन्दा उच्च देखिन्छ । प्रत्येक विषयमा शैक्षिक सत्रको अन्तसम्म पनि केही विद्यार्थीहरूले पाठ्यपुस्तक प्राप्त गर्न नसकेको अवस्था देखिन्छ । जस्तै कक्षा ५ को गणित विषयमा ५ प्रतिशत विद्यार्थीसँग शैक्षिक सत्रको अन्तसम्म पनि पाठ्यपुस्तक उपलब्ध भएको देखिएन । कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी विषयमा पाठ्यपुस्तक भएका विद्यार्थीको औसत सिकाइ उपलब्धि पाठ्यपुस्तक उपलब्ध नभएका विद्यार्थीको तुलनामा क्रमश : १८, १० र ४ प्रतिशतले उच्च रहेको देखियो ।





**चित्र १७ : पाठ्यपुस्तकको उपलब्धताको अवस्थाको आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि प्रतिशत**

## १७. सिकाइ उपलब्धिमा अनिच्छित व्यवहार वा हेपाइ (Bullying) को प्रभाव

अनिच्छित व्यवहार वा हेपाइको सामना गर्ने विद्यार्थीको सिकाइ उपलब्धि यस्ता व्यवहार सामना नगर्ने विद्यार्थीको भन्दा न्यून रहेको देखिएको छ । विद्यार्थीहरू बिच हुने अनिच्छित व्यवहार (हेप्ने, जिस्क्याउने, पिट्ने, गाली गर्ने, नाम बिगार्ने, सामान चोर्ने आदि) जस्ता हेपाइ (Bullying) लाई त्यति चासो नदिइनाले विद्यार्थीले भोगेका यस्ता कैयौँ घटनाहरू धेरैजसो अभिभावक तथा शिक्षकहरूको जानकारीमा आएकै हुँदैनन् तापनि यसले विद्यार्थीको सिकाइलाई नकारात्मकरूपमा असर पारेको देखिन्छ । कक्षा ३ को नेपाली र गणित, कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजीमा नकारात्मक व्यहारको प्रतिशतमा भएको वृद्धिको साथसाथै विद्यार्थीहरूको सिकाइ उपलब्धि घटेको देखिएको छ भने यस्तो नकारात्मक व्यवहार महसुस नगर्ने विद्यार्थीको

सिकाइ उपलब्धि उच्च देखिन्छ । चित्रमा नेपाली, गणित र अङ्ग्रेजी विषयमा बुलिङको प्रतिशत (विद्यार्थीले भोगेका पाँचओटा नकारात्मक व्यवहारलाई शतप्रतिशत मानी) र उपलब्धि प्रतिशत तुलना गरिएको छ भने अन्य कक्षा र विषयमा पनि बुलिङ प्रतिशत र उपलब्धिबीच नकारात्मक सम्बन्ध देखिएको छ ।




**चित्र १८ : बुलिङ र विद्यार्थीको औसत उपलब्धि**

## १८. गृहकार्य र सिकाइ उपलब्धिको सम्बन्ध

कहिल्यै गृहकार्य नपाउने र पृष्ठपोषण पनि प्राप्त नगर्ने विद्यार्थीको सिकाइ उपलब्धि गृहकार्य पाउने र त्यसको आधारमा पृष्ठपोषण प्राप्त गर्ने विद्यार्थीको भन्दा न्यून रहेको देखिन्छ भने नियमित गृहकार्य र पृष्ठपोषण दिने गरिएमा सिकाइ उपलब्धिमा पनि वृद्धि भएको देखिन्छ । त्यस्तै कहिलेकाहीँ मात्र गृहकार्य दिने र कहिलेकाहीँ नै पृष्ठपोषण दिँदा सिकाइ उपलब्धिमा राम्रो सुधार भएको देखिदैन । यसले नियमित गृहकार्य र पृष्ठपोषण पनि दिइयो भने विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने देखिन्छ ।

**तालिका ३ : गृहकार्यको अवस्थाको आधारमा विद्यार्थीको औसत उपलब्धि**


| गृहकार्य र पृष्ठपोषणको अवस्था | | कक्षा ३ | | कक्षा ५ | | |
|---|---|---|---|---|---|---|
| | | नेपाली | गणित | नेपाली | गणित | अङ्ग्रेजी |
| नियमित दिने | गृहकार्य | ५४ | ४७ | ४७ | ४९ | ४७ |
| | पृष्ठपोषण | ५४ | ४८ | ४८ | ५० | ४८ |
| कहिलेकाहीँ दिने | गृहकार्य | ५२ | ४३ | ४७ | ५० | ५३ |
| | पृष्ठपोषण | ५२ | ४२ | ४५ | ४७ | ४८ |
| कहिले नदिने | गृहकार्य | ३६ | ३१ | ३७ | ३८ | ३२ |
| | पृष्ठपोषण | ३९ | ३२ | ३५ | ३३ | ३७ |

## १७.विद्यार्थीको उमेर र सिकाइ उपलब्धिबीचको सम्बन्ध

विद्यार्थीको उमेरले पनि सिकाइमा अन्तर ल्याएको पाइयो। कक्षा ३ को सन्दर्भमा निर्धारित उमेर ८ देखि १० बर्ष र कक्षा ५ को लागि उपयुक्त १० देखि १२ बर्ष) को उमेर उमेर समूहका विद्यार्थीको औसत सिकाइ उपलब्धि उच्च देखिन्छ भने उक्त उमेरभन्दा बढी वा घटी उमेर भएका बालबालिकाको सिकाइ उपलब्धि न्यून देखिन्छ। कक्षाका लागि ठिक उमेरबाट उमेर क्रमशः बढ्दै जाँदा विद्यार्थीको उपलब्धि पनि क्रमशः घट्दै गएको देखिएको छ।

## १८.प्रश्नका प्रकार अनुसार उपलब्धिमा भिन्नता

विषयगत प्रश्नमा भन्दा वस्तुगत प्रश्नहरूमा विद्यार्थीहरूको सिकाइ उपलब्धि प्रतिशत उच्च रहेको देखियो। कक्षा ३ को नेपाली र गणितमा वस्तुगत प्रश्न (सही गलत छुट्याउने, खालि ठाउ भर्ने, जोडा मिलाउने, बहुवैकल्पिक प्रश्न) को औसत प्राप्ताङ्क विषयगत प्रश्न (लामो वा छोटो उत्तर आउने प्रश्न) को भन्दा क्रमशः १५ र १९ प्रतिशतले उच्च रहेको देखियो। त्यस्तै कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी विषयको सन्दर्भमा क्रमशः २२, २२ र १४ प्रतिशतले वस्तुगत प्रश्नमा औसत उपलब्धि विषयगत प्रश्नको भन्दा उच्च रहेको देखिन्छ। ज्ञान र बोध तहका सिपमा तुलनात्मक रूपमा उच्च उपलब्धि देखिन्छ भने तर्कद्वारा पुष्टि गर्ने, स्वतन्त्र लेखन जस्ता कार्यमा विद्यार्थीको उपलब्धि न्यून देखिन्छ।




**चित्र १९ : प्रश्नका प्रकारका आधारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि**

## १९.आमाबाबुको शैक्षिक अवस्था र सिकाइ उपलब्धि

आमाबाबुको शैक्षिक पृष्ठभूमि र उनीहरूका बालबालिकाको सिकाइ उपलब्धि अन्तरसम्बन्धित देखिन्छन्। आमाबाबुको शैक्षिक अवस्थाले उनीहरूका बालबालिकाको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको यस परीक्षणको नतिजाले देखाएको छ। निरक्षर आमाबाबुका बालबालिकाको सिकाइ उपलब्धि साक्षर र विद्यालय शिक्षा पुरा गरेका आमाबाबुका बालबालिका भन्दा धेरै कम रहेको देखियो। त्यसमा पनि एसएलसी, १२ कक्षा र स्नातक तहसम्मको शिक्षा प्राप्त गरेका आमाबाबुका सन्तानको सिकाइ उपलब्धि अझ उच्च देखियो।

अर्थात् आमाबाबुको शैक्षिक अवस्था जति धेरै राम्रो भयो बालबालिकाको सिकाइ उपलब्धि पनि त्यति नै राम्रो हुने गरेको देखियो । तर स्नातकोत्तर सम्मको अध्ययन गरेका आमाबाबुका बालबालिकाको सिकाइ उपलब्धि भने स्नातक आमाबाबुका बालबालिकाको औसत सिकाइ उपलब्धिभन्दा कम देखिन्छ ।


### २०. आमाबाबुको पेसा र सिकाइ उपलब्धि

आमाबाबुको पेसागत पृष्ठभूमिले पनि बालबालिकाको सिकाइ उपलब्धि प्रभावित भएको देखिन्छ । तुलनात्मक रुपमा  स्थायी आय हुने पेसामा आबद्ध आमाबाबुका छोराछोरीको सिकाइ उपलब्धि उच्च  हुने गरेको देखिन्छ । त्यस्तै न्यून आय हुने र दैनिक ज्यालादारीमा संलग्न आमाबाबुका बालबालिकाको सिकाइ उपलब्धि तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ ।

**आमाको पेसा र  सिकाइ उपलब्धि** : आमाले अँगालेको पेसाले पनि विद्यार्थीको सिकाइ उपलब्धिमा असर पारेको देखियो । घरायसी काम, अर्काको घरमा काम गर्ने, कृषि पेसामा संलग्न र ज्यालादारी जस्ता न्यून र अस्थायी प्रकारको आय हुने आमाका सन्तानभन्दा ब्यापार, शिक्षण र सरकारी वा गैरसरकारी क्षेत्रको जागीरमा आबद्ध भई उच्च वा स्थायी प्रकारको आय भएका आमाका सन्तानको सिकाइ उपलब्धि उच्च रहेको देखिन्छ ।

**बाबुको पेसा र सिकाइ उपलब्धि** : आमाको पेसाले जस्तै बाबुको पेसाले पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिमा असर पारेको देखिन्छ । तथ्याङ्कको विश्लेषण गर्दा प्रायः जसो विषयहरूमा घरायसी र अर्काको घरमा काम गर्ने, वैदेशिक रोजगारी र कृषि कार्यमा संलग्न बाबुका सन्तानको  सिकाइ उपलब्धि न्यून रहेको पाइयो भने व्यापार, शिक्षण र जागीरमा संलग्न बाबुका सन्तानको सिकाइ उपलब्धि तुलनात्मक रुपमा उच्च रहेको देखिन्छ ।


**२१. घरायसी सामग्रीको उपलब्धता र विद्यार्थीको सिकाइ उपलब्धि:** सामान्य घरायसी सामग्री जस्तै मोवाइल, कम्प्युटर, टिभी र रेडियोको उपलब्धताले पनि सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ । यस्ता घरायसी सामग्रीको सङ्ख्या थोरै भएमा सिकाइ उपलब्धि न्यून हुने र घरायसी सामग्रीको सङ्ख्या धेरै भएमा बालबालिकाको सिकाइ उपलब्धि उच्च हुने गरेको देखिन्छ ।




**चित्र २० : उपलब्ध घरायसी सामग्री सङ्ख्या र विद्यार्थीको सिकाइ उपलब्धि**

## २२. पढाइका लागि उपलब्ध घरायसी सहयोगका आधारमा विद्यार्थी सिकाइ उपलब्धि


विद्यार्थीहरू घरमा अध्ययन गर्दा सिकाउने र सहयोग गर्ने वा नबुझेका कुरा बुझाउन सहयोग गर्ने व्यक्तिका आधारमा विद्यार्थी सिकाइ उपलब्धिमा भिन्नता देखिन्छ । कक्षा ३ र ५ को नेपाली विषयमा अध्ययन गर्दा आमा र दाजु/दिदीको सहयोग प्राप्त गरेका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि उच्च देखिन्छ भने दुवै कक्षाको नेपाली, गणित र कक्षा ५ को अङ्ग्रेजीमा ट्युसन पढ्ने विद्यार्थीको सिकाइ उपलब्धि कसैको सहयोग नपाएका विद्यार्थीको भन्दा पनि न्यून देखिन्छ । कक्षा ३ र ५ को गणित विषयमा शिक्षकको सहयोग लिने विद्यार्थी र कक्षा ५ को अङ्ग्रेजी विषयमा दाजु/दिदीको सहयोग प्राप्त गर्ने विद्यार्थीको सिकाइ उपलब्धि सबैभन्दा उच्च देखिन्छ ।




**चित्र २१ : पढाइका लागि उपलब्ध घरायसी सहयोगका आधारमा विद्यार्थी सिकाइ उपलब्धि**

## २३. सिकाइ उपलब्धिमा सामाजिक आर्थिक अवस्थाको प्रभाव

अध्ययन गरेको विद्यालयको प्रकार, आमाबाबुको शैक्षिक अवस्था, आमाबाबुको पेसा, घरमा उपलब्ध पढाइका लागि सहयोगी हुने सामग्री र घरमा भएका साधनहरू टिभी, कम्प्युटर, मोबाइल, पढ्नका लागि छुट्टै कोठाको व्यवस्था जस्ता सात ओटा सूचकहरूको संयुक्त प्रभाव विश्लेषणबाट सामाजिक आर्थिक अवस्थाको सिकाइमा प्रभाव विश्लेषण गरिएको थियो । तलको चित्रमा कक्षा ५ को गणित विषयमा सामाजिक आर्थिक अवस्थाको प्रतिशत बढ्दा बालबालिकाको सिकाइ उपलब्धिको प्रतिशत पनि बढ्दै गएको देखिएको छ ।




चित्र २२ : सामाजिक आर्थिक अवस्था र विद्यार्थीको औसत सिकाइ उपलब्धि

## २४. विद्यालयमा हुने सकारात्मक क्रियाकलापको सिकाइ उपलब्धिमा प्रभाव

यदि बालबालिकाहरूले शिक्षकबाट सकारात्मक व्यवहार र सहयोग प्राप्त भइराखेको, शिक्षकहरूले आफ्नो हितमा कार्य गरिरहेको, थप सहयोग आवश्यक भएमा त्यो शिक्षकबाट सहजै प्राप्त हुन्छ, शिक्षकहरूले हामी प्रति कुनै भेदभाव हुदैन भनेर महसुस गरेको अवस्थामा बालबालिकाको सिकाइ उपलब्धि उच्च रहेको देखिन्छ। विद्यालमा रमाइ रहेको, सबै विद्यार्थीहरू म जस्तै हुन भनेर सोच्ने र शिक्षकहरूले आफुबाट असल नतिजाको अपेक्षा गरेको छ भन्ने कुराको महसुस गरेका बालबालिकाको औसत सिकाइ उपलब्धि सबै विषयमा उच्च रहेको देखिन्छ ।

## २५. विषय प्रतिको धारणा र सिकाइ उपलब्धि


सम्बन्धित विषयको अध्यनले मेरो दैनिक जीवनमा सहयोग गर्छ, यसको अध्ययनबाट अरु विषयको अध्ययनलाई पनि सहज बनाउँछ,यसले मलाई कामको संसारमा सहज तुल्याउँछ जस्ता विषय प्रति सकारात्मक दृष्टिकोण विद्यार्थीमा भएमा त्यसले उनीहरूको सिकाइ उपलब्धि उच्च हुनाका साथै सकारात्मक धारणाको मात्रा बढ्दा सिकाइ उपलब्धि पनि बढ्दै गएको देखिन्छ ।

## २६.नेपाली विद्यार्थीको सिकाइ उपलब्धिको अन्तर्राष्ट्रिय स्तरसँग तुलना

नेपालका विद्यार्थीको कक्षा ५ को गणित विषयको नतिजालाई अन्तर्राष्ट्रिय परीक्षण टिम्स (TIMSS) को कक्षा ४ र कक्षा ५ को नेपाली विषयमा पर्ल्स (PIRLS) को कक्षा ४ को औसत उपलब्धिसँग तुलना गरिएको

थियो । ती अन्तर्राष्ट्रिय परीक्षणका प्रश्नहरू मध्ये नेपालको पाठ्यक्रमसँग मेलखाने केही प्रश्नहरू छनौट गरी यो परीक्षणमा प्रयोग गएिको थियो र सम्बन्धित विषयका ती अन्तर्राष्ट्रिय परीक्षण र यो परीक्षणलाई तुलनायोग्य बनाइएको थियो । कक्षा ५ को गणित विषयको औसत उपलब्धि स्तरलाई टिम्ससँग तुलना गर्दा अन्तर्राष्ट्रिय औसतलाई शून्य राखिएको थियो ।

यो तुलनाका आधारमा नेपाली विद्यार्थीको कक्षा ५ को गणित विषयको नतिजा कक्षा ४ को अन्तर्राष्ट्रिय टिम्सको औसतभन्दा उच्च देखिन्छ । कक्षा ५ को नेपाली विषयको अन्तर्राष्ट्रिय स्तरको पर्ल्ससँग तुलना गर्दा अन्तर्राष्ट्रिय स्तरको औसतलाई शून्य मानिएको छ । कक्षा ५को नेपाली विषयमा नेपाली विद्यार्थीको अन्तर्राष्ट्रिय औसतको तुलनामा सिकाइ उपलब्धि न्यून देखियो । यसको आधारमा नेपाली विषयमा कक्षा ५ का विद्यार्थीहरूको औसत पढाइ दक्षता अन्तर्राष्ट्रिय स्तरमा पर्ल्स (PIRLS) को कक्षा ४ को औसत भन्दा तल रहेको देखिन्छ ।




**चित्र २३ : कक्षा ५ को नेपाली र गणित विषयको औसत उपलब्धिको अन्तर्राष्ट्रिय स्तरसँग तुलना**

# निष्कर्ष र प्रयोजन

यस अध्ययनले कक्षा ३ को नेपाली र गणित तथा कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी विषयमा विद्यार्थीको सिकाइ उपलब्धिको स्तर परीक्षण गरी क्षेत्रगत, जातजातिगत, भाषागत, लैङ्गिक दृष्टिकोणका आधारमा सिकाइ उपलब्धि स्तरको तुलना गरेको छ । त्यसै गरी सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पत्ता लगाएर

ती तत्वहरूको प्रभावलाई तथ्याङ्क शास्त्रीय विधि र अवधारणाहरू प्रयोग गरी विश्लेषण गरिएको छ । यसले भविष्यमा गरिने अध्ययनहरूका लागि तथ्याङ्कीय आधार प्रदान गर्नुको साथसाथै आम सरोकारवालालाई सुसूचित गर्ने उद्देश्य प्राप्तिमा सहयोग गर्ने छ ।

## मुख्य नतिजा र प्रयोजन

यो उपलब्धि परीक्षणले कक्षा ३ को नेपाली र गणित तथा कक्षा ५ को नेपाली, गणित र अंग्रेजी विषयमा विद्यार्थी उपलब्धि स्तर निर्धारण गर्नुका साथै विगतको उपब्धिसँग तुलना पनि गरेको छ । यसका साथै विद्यार्थी सिकाइ उपलब्धिमा प्रभाव पार्ने विद्यार्थीको व्यक्तिगत, पारिवारिक, सामाजिक, आर्थिक र भाषिक पृष्ठभूमि, विद्यालय वातावरण जस्ता पक्षका आधारमा सिकाइ उपलब्धि विश्लेषण गरी नतिजाहरू प्रस्तुत गरेको छ । सिकाइ उपलब्धि र त्यससँग सम्बन्धित विभिन्न पक्षहरूमा आधारित नतिजा विश्लेषणबाट यस परीक्षणका मुख्य निष्कर्ष तथा तथा प्रयोजनहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

## मुख्य नतिजा

१.उपलब्धि परीक्षणको लागि छनौट गरिएका विषयहरूमा कक्षा ३ को नेपाली बाहेक सबै विषयमा औसत उपलब्धि स्तर ५० प्रतिशत भन्दा न्यून रहेको देखिन्छ । यो नतिजाको आधारमा विद्यालय तहमा शिक्षण र सिकाइको पाटो अत्यन्तै कमजोर रहेको देखिन्छ । नीति निर्माणदेखि कार्यान्वयनको तहसम्मका क्रियाकलापहरूको अध्ययन अनुसन्धान गरी कमजोरीका कारण पत्ता लगाउने र त्यसको सुधार गरी सबै विषयमा उल्लेखनीय रुपमा औसत सिकाइ उपलब्धि बढाउन सरोकारवालाको ध्यान जानु जरुरी छ ।

२.लैङ्गिक दृष्टिबाट हेर्दा दुवै कक्षामा छात्रको भन्दा छात्राको उपलब्धि केही राम्रो रहेको देखिन्छ । छात्रा र छात्रको उपलब्धि स्तरमा करिब समानता र कतिपय विषयमा छात्रको भन्दा छात्राको राम्रो नतिजा देखिनुले सिकाइ स्तरमा लैङ्गिक समानताको अवस्था रहेको देखिन्छ । तर क्षेत्रीय, जातीय र आर्थिक अवस्थाका आधारमा छात्रा र छात्रको सिकाइ उपलब्धि तुलना गर्दा छात्रको भन्दा छात्राको औसत सिकाइ उपलब्धि केही न्यून देखिन्छ । लैङ्गिक समानता नभएका क्षेत्र, जाति र समुदाय पहिचान गरी यसका लागि पहल कदमी लिनु पर्ने देखिन्छ ।

३.भौगोलिक क्षेत्रहरू हिमाल, पहाड, तराई भन्दा उपत्यकाको औसत सिकाइ उपलब्धि प्रतिशत राम्रो देखिनुका साथै हिमाली र तराई क्षेत्रको सिकाइ उपलब्धि न्यून देखिन्छ । त्यस्तै उपत्यका बाहेक अन्य पाँच विकास क्षेत्रको औसत सिकाइ उपलब्धि तुलना गर्दा पश्चिमाञ्चल विकास क्षेत्रको नतिजा अन्यको तुलनामा केही राम्रो देखिए पनि सन्तोषजनक भने देखिदैन । उपत्यकाका तिन ओटा जिल्लाहरूको औसत नतिजा भने सबैभन्दा उच्च देखिन्छ । क्षेत्रगत रुपमा सिकाइ उपलब्धि कमजोर हुनाका कारणहरू पत्ता लगाई त्यसको समाधानमा सरोकारवालाहरूले ध्यान दिनु पर्ने देखिन्छ ।

४.संस्थागत विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि स्तर सामुदायिक विद्यालयको तुलनामा राम्रो रहेको

छ तापनि केही सामुदायिक विद्यालयहरूको नतिजा भने संस्थागत विद्यालयको सरह वा त्यो भन्दा राम्रो पनि देखिन्छ । राम्रा संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूका सकारात्मक अभ्यास कमजोर उपलब्धि भएका विद्यालयले अवलम्बन गर्ने र सामुदायिक विद्यालयको उपलब्धि अभिवृद्धि गर्न विस्तृत अध्ययन अनुसन्धान गरी त्यसको आधारमा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

५.नेपाली, गणित र अङ्ग्रेजी तिनऔटै विषयहरूमा पाठ्यक्रमको मर्म अनुरूप सबै विषयवस्तुको क्षेत्रमा समानरूपमा सिकाइ उपलब्धि हासिल हुन सकेको देखिएन । यसले पाठ्यक्रमका सबै विषयवस्तुहरूमा समान रुपले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न नसकेको देखाउँछ । तसर्थ कक्षा शिक्षणमा सबै क्षेत्रमा समान रुपले जोड दिनु पर्ने देखिन्छ। साथै न्यून सिकाइ भएका विषयक्षेत्रमा अतिरिक्त सहयोगात्मक शिक्षण सिकाइ गराउने ब्यवस्था पनि आवश्यक देखिन्छ ।

६.संज्ञानात्मक क्षेत्रका प्रयोग र उच्च दक्षता अर्थात् समस्या समाधान गर्ने, विश्लेषण गर्ने, तर्क गर्ने, सामान्यीकरण गर्ने, आफ्ना दृष्टिकोण वा तर्कलाई पुष्टि गर्ने एवम् एउटा परिवेशको सिकाइलाई अर्को परिवेशमा स्थानान्तरण गर्ने जस्ता क्षमतामा विद्यार्थीहरू तुलनात्मक रूपमा कमजोर रहेका देखिन्छन् भने ज्ञान र बोध तह अर्थात् कण्ठ तथा स्मरण गर्ने जस्ता सिपमा तुलनात्मक रुपमा राम्रो उपलब्धि देखिन्छ । यसले कक्षाकोठामा पाठ्यपुस्तकका तथ्याङ्क तथा सूचनाहरू घोकाउने क्रियाकलापहरू बढी र सिर्जनात्मक क्रियाकलाप न्यून हुने गरेको देखिन्छ । पाठ्यक्रमको अपेक्षा अनुरुप शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने हुन्छ ।

७.विद्यार्थीको सिकाइ उपलब्धिमा उनीहरूको जातजातिगत पृष्ठभूमिको प्रभाव पनि देखिन्छ । नतिजाले परीक्षणमा समावेश सबै विषयमा ब्राह्मणहरूको तुलनामा अन्य जात जातिको औसत सिकाइ उपलब्धि न्यून रहेको देखिन्छ । त्यस्तै ब्राह्मण, क्षेत्री र जनजाति समूहको औसत उपलब्धि स्तर दलित र मधेसी समुहको भन्दा उच्च देखिन्छ । यसले दलित र मधेसीको सिकाइ उपलब्धि न्यून देखाउँछ । न्यून उपलब्धि भएका समुदायको उपलब्धि अभिवृद्धिका लागि सम्बन्धित पक्षले विशेष कार्यक्रम तर्जुमा गरी त्यसको कार्यान्वनमा जोड दिनु पर्ने देखिन्छ ।

८.विद्यार्थीको सिकाइ उपलब्धि स्तरमा उनीहरूको मातृभाषाको प्रभाव पनि परेको देखियो । नेपाली मातृभाषा भएका बालबालिकाको औसत सिकाइ उपलब्धि अन्य मातृभाषा भएका बालबालिकाहरूको भन्दा उच्च देखिन्छ । अन्य मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि न्यून हुने कारणहरू पत्ता लगाई त्यसको सुधार गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

९.सहरी क्षेत्रका विद्यार्थीले सबै विषयहरूमा ग्रामीण क्षेत्रका विद्यार्थीको भन्दा उच्च उपलब्धि हासिल गरेको देखिन्छ । नेपाली र गणितमा भन्दा अङ्ग्रेजी विषयमा सहरी र ग्रामीण विद्यालयको औसत सिकाइ उपलब्धिमा धैरै अन्तर देखिएको छ । यसका आधारमा ग्रामीण विद्यालयहरूमा सहरी विद्यालयको सरह सेवा सुविधा तथा सिकाइ वातावरण उपलब्ध हुन नसकेको देखाउँछ । तसर्थ ग्रामीण क्षेत्रका विद्यालयमा

सेवासुविधा वृद्धि तर्फ जोड दिनु पर्दछ साथै ग्रामीण क्षेत्रबाट सहरी र सहरी क्षेत्रका शिक्षकहरू ग्रामीण क्षेत्रमा गएर अनुभव आदान प्रदान गर्न सक्ने वातावरण सिर्जना गर्नु उपयुक्त हुने देखिन्छ ।

१०.जिल्लागतरूपमा विद्यार्थीहरूको उपलब्धि स्तरमा ठुलो असमानता रहेको देखिन्छ । अध्ययनका लागि छनौट भएका जिल्लाहरू मध्ये इलाम, झापा, ललितपुर, भक्तपुर र काठमाडौँ गरी जम्मा ५ ओटा जिल्लामा मात्र सबै विषयमा राष्ट्रिय औसतभन्दा उच्च उपलब्धि देखिन्छ भने डोटी, बाँके, जाजरकोट, रौतहट र भोजपुर गरेर ५ ओटा जिल्लाले राष्ट्रिय औसत समेत प्राप्त गर्न सकेको देखिदैन । राम्रो नतिजा भएका जिल्लाका असल अभ्यास न्यून नतिजा भएका जिल्लामा पुरयाउने र न्यून नतिजा भएका जिल्ला र विद्यालयको सिकाइ उपलब्धि सुधारको लागि अध्ययन अनुसन्धान गरी योजना निर्माण गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिनु पर्ने देखिन्छ ।

११.विद्यालय समय बाहिर विद्यार्थीहरूको घरायसी वा ज्याला नआउने काममा संलग्नताले पनि उनीहरूको सिकाइ उपलब्धिमा प्रभाव पारेको देखियो । दैनिक एकदेखि दुई घण्टासम्म घरायसी काममा संलग्न हुने विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि प्रतिशत उच्च देखियो भने घरायसी काममा संलग्न नहुने र दुई घण्टा भन्दा बढी कामको घण्टा बढ्दै जाँदा सिकाइ उपलब्धि स्तर न्यून रहेको देखिन्छ । तर ज्यालाको काममा जतिसुकै समय संलग्न भए पनि सिकाइ उपलब्धि न्यून भएको देखिन्छ । घरमा सामान्य सहयोग गर्ने, गृहकार्य गर्ने जस्ता कार्यमा निश्चित समय बालबालिकाहरूलाई संलग्न गराए पनि ज्यालाको काममा जानबाट रोक्न सरोकारवालाको ध्यान जान जरुरी छ ।

१२.विद्यार्थीले गृहकार्य गर्नको लागि दिने समयले पनि उनीहरूको औसत सिकाइ उपलब्धिमा असर पारेको देखियो । गृहकार्यको लागि समय नै नदिने, दैनिक १ घण्टा भन्दा कम समय दिने र दैनिक ३ देखि ४ घण्टाभन्दा धेरै समय गृहकार्यमा खर्च गर्ने विद्यार्थीको औसत सिकाइ उपलब्धि न्यून देखिन्छ भने दैनिक २ देखि ४ घण्टा समय गृहकार्यको लागि समय दिने विद्यार्थीको औसत उपलब्धि उच्च देखिन्छ । गृहकार्य गर्दै नगर्ने र धेरै मात्रामा गर्ने प्रवृत्ति न्यूनीकरण तर्फ सरोकारवालाको ध्यान जानु पर्ने देखिन्छ ।

१३.टिभी हेर्नका लागि समय नै खर्च नगर्ने विद्यार्थी र दैनिक दुई घण्टाभन्दा बढी समय टिभी हेर्नमा खर्चने विद्यार्थीको सिकाइ उपलब्धिका तुलनामा दैनिक एक घण्टा वा दुई घण्टाभन्दा कम समय टिभी हेर्नको लागि खर्चने विद्यार्थीको औसत सिकाइ उपलब्धि उच्च देखिन्छ । विद्यार्थीहरूलाइ टिभी हेर्नको लागि उपयुक्त समय र कार्यक्रमहरू निर्धारण गर्नमा अभिभावकले सहयोग गर्नु पर्ने देखिन्छ ।

१४.पाठ्यपुस्तक उपलब्ध भएका विद्यार्थीको सिकाइ उपलब्धि पाठ्यपुस्तक उपलब्ध नहुने विद्यार्थीको भन्दा उच्च देखिन्छ । सबै विद्यार्थीको हातमा शैक्षिक सत्रको सुरुमै सबै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक उपलब्ध गराउने धेरै प्रयास भएता पनि केही विद्यार्थीको हातमा शैक्षिक सत्रको अन्तसम्म पनि पाठ्यपुस्तक पुग्न सकेको देखिँदैन । पाठ्यक्रमको प्रयोग गर्ने परिपाटी, डिजिटल पाठ्यपुस्तक, बहुपाठ्यपुस्तक तथा समयमै पाठ्यपुस्तक छाप्ने जस्ता कार्यहरू गर्न सकेमा यो समस्याको समाधान गर्न

सकिने देखिन्छ ।

१५.अभिभावक तथा शिक्षकहरूलाई विद्यालयमा हुने सबैजसो अनिच्छित (हेप्ने, पिट्ने, गाली गर्ने, नाम विगार्ने जस्ता) वा नकारात्मक व्यवहार (Bullying) को बारेमा जानकारी नहुने गरेको भए पनि विद्यालयमा विद्यार्थीले यस्ता व्यवहार अनुभव गरेको देखिन्छ । यस्ता व्यवहारले विद्यार्थीको सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव पारेको देखिन्छ। त्यसैले विद्यालय तथा अभिभावकले यस्ता ब्यवहार सामना गरिरहेका विद्यार्थी पहिचान गरी त्यसलाई न्यूनीकरण गर्ने तर्फ पहलकदमी लिनु आवश्यक छ ।

१६.कहिल्यै पनि गृहकार्य नपाउने र पृष्ठपोषण पनि प्राप्त नगर्ने विद्यार्थीको सिकाइ उपलब्धि गृहकार्य पाउने र त्यसको आधारमा पृष्ठपोषण प्राप्त गर्ने विद्यार्थीहरूको भन्दा न्यून रहेको छ। नियमित गृहकार्य दिने र नियमित पृष्ठपोषण दिने कार्य गरेमा सिकाइ उपलब्धिमा वृद्धि भएको देखिन्छ। तर कहिलेकाहीँ मात्र गृहकार्य दिने वा गृहकार्य दिए पनि पृष्ठपोषण नदिँदा सिकाइ उपलब्धिमा सुधार भएको देखिँदैन। यसले नियमित रुपमा गृहकार्य दिई र पृष्ठपोषण पनि दिन सक्यो भने विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने देखिएकाले शिक्षकले यस तर्फ कियाकलाप लक्षित गर्नु पर्ने देखिन्छ।

१७.विद्यार्थीको उमेरले पनि सिकाइ उपलब्धिमा प्रभाव परेको देखिन्छ। कक्षा ३ को सन्दर्भमा उपयुक्त उमेर ८ देखि १० बर्ष र कक्षा ५ को लागि १० देखि १२ बर्ष उमेर समुहका विद्यार्थीको औसत सिकाइ उपलब्धि उच्च देखिन्छ भने उक्त उमेर भन्दा बढी वा घटी उमेर भएका बालबालिकाको सिकाइ उपलब्धि न्यून देखिन्छ। यसले विद्यालयमा छिट्टै र ढिलो गरी भर्ना गर्ने परिपाटी हटाउनु पर्ने देखिन्छ।

१८.विषयगत प्रश्नमा भन्दा वस्तुगत प्रश्नमा विद्यार्थीको सिकाइ उपलब्धि उच्च रहेको देखियो । यसले कक्षामा सिर्जनात्मक क्रियाकलाप भन्दा कण्ठ गर्ने, घोक्ने जस्ता क्रियाकलापहरूमा जोड दिएको देखिन्छ। विद्यालयमा सिर्जनशीलता अभिवृद्धि गर्ने र उच्चदक्षता बढाउने क्रियाकलापमा जोड दिनु पर्ने देखिन्छ।

१९.आमाबाबुको शैक्षिक पृष्ठभूमि र उनीहरूका बालबालिकाको सिकाइ उपलब्धि अन्तर सम्बन्धित देखिन्छन्। निरक्षर आमाबाबुका बालबालिकाको सिकाइ उपलब्धि साक्षर र विद्यालय शिक्षा पुरा गरेका आमाबाबुका बालबालिकाभन्दा धेरै कम रहेको देखियो। त्यसमा पनि एसएलसी र उच्च शिक्षा प्राप्त गरेका आमाबाबुका सन्तानको सिकाइ उपलब्धि अझ उच्च देखियो। तसर्थ विद्यालयलाई अभिभावक शिक्षा तथा परिवारिक साक्षरता जस्ता कार्यक्रम सञ्चालन गर्नेतर्फ उत्साहित गर्नु आवश्यक देखिन्छ।

२०.आमाबाबुको पेसागत पृष्ठभूमिले पनि बालबालिकाको सिकाइ उपलब्धि प्रभावित भएको देखिन्छ । तुलनात्मक रुपमा स्थायी आय हुने पेसामा आबद्ध आमाबाबुका छोराछोरीको सिकाइ उपलब्धि बढी हुने गरेको देखिन्छ। त्यस्तै न्यून आय हुने र दैनिक ज्यालादारीमा आबद्ध आमाबाबुका बालबालिकाको सिकाइ उपलब्धि तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ।

२१.सामान्य घरायसी सामग्री जस्तै मोवाइल, कम्प्युटर, टिभी र रेडियोको उपलब्धताले पनि सिकाइ

उपलब्धिमा असर पारेको देखिन्छ । यस्ता घरायसी सामग्रीको सङ्ख्या थोरै वा नभएमा भएमा सिकाइ उपलब्धि न्यून हुने र घरायसी सामग्रीको सङ्ख्या धेरै भएमा बालबालिकाको सिकाइ उपलब्धि उच्च रहेको देखिन्छ । विद्यार्थीलाई पढ्नको लागि छुट्टै कोठाको व्यवस्था तथा पढ्नको लागि आवश्यक साधन तथा सन्दर्भ सामग्रीहरूको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

२२.विद्यार्थीहरूलाई घरमा अध्ययन गर्दा सिकाउने र सहयोग गर्ने वा नबुझेका कुरा बुझाउनका लागि उपलब्ध व्यक्तिका आधारमा विद्यार्थी सिकाइ उपलब्धिमा भिन्नता देखिन्छ । घरमा कसैको सहयोग नहुने विद्यार्थीको भन्दा कसै न कसैको सहयोग प्राप्त हुने विद्यार्थीको औसत सिकाइ उपलब्धि उच्च देखिन्छ । तर प्राथमिक तहमा ट्यूसनको प्रभाव भने त्यति सकारात्मक देखिएन । त्यसैले घरपरिवार, शिक्षक र परिवारका शिक्षित सदस्यले घरमा विद्यार्थीहरूको पढाइमा केही न केही सहयोग गर्नु पर्ने देखिन्छ ।

२३.पारिवारिक, आर्थिक, सामाजिक पृष्ठभूमि उच्च हुने बालबालिकाको सिकाइ उपलब्धि तुलनात्मक रुपमा उच्च र सामाजिक आर्थिक स्थिति तुलनात्मक रुपमा सामान्य र न्यून हुने परिवारका बालबालिकाको सिकाइ उपलब्धि पनि न्यून स्तरको देखिन्छ । यसैले अभिभावकको सामाजिक आर्थिक अवस्था सुधारमा सम्बन्धित पक्षको ध्यान दिनु पर्ने देखिन्छ भने कमजोर सामाजिक आर्थिक अवस्था भएका आमाबाबुका बालबालिकालाई विशेष प्रकारको सहयोग र प्रोत्साहनको आवश्यकता देखिन्छ ।

२४.बालबालिकाहरूको विद्यालय र शिक्षकप्रति सकारात्मक धारणा भएमा उनीहरूको सिकाइ उपलब्धि उच्च हुने देखिन्छ । शिक्षकले आफुप्रति विद्यार्थीको धारणा के छ ? भन्ने कुरा पत्ता लगाएर अभिभावक र शिक्षकले शिक्षकप्रति विद्यार्थीको सकारात्मक धारणा विकास गर्न भूमिका खेल्नु पर्ने देखिन्छ भने शिक्षकले पनि आफ्ना व्यवहार सुधार गर्नु पर्ने देखिन्छ ।

२५. विषयको अध्ययनले दैनिक जीवनमा सहयोग गर्छ, अन्य विषयको अध्ययनलाई पनि सहज बनाउँछ र कामको संसारमा उपयोगी हुन्छ भन्ने विश्वास भएका बालबालिकाको सिकाइ उपलब्धि उच्च देखिन्छ । त्यसैले शिक्षक तथा अभिभावकले विद्यार्थीलाई उनीहरूले पढ्ने विषयको महत्त्व र उद्देश्य स्पष्ट पार्ने तर्फ ध्यानदिनु पर्ने र हरेक विषयमा व्यक्तिको दैनिक जीवनसँग सम्बन्धित हुने विषयवस्तुहरू पठनपाठनमा जोड दिनु पर्ने देखिन्छ ।

**मुख्य प्रयोजन**

कक्षा ३ र ५ का विद्यार्थीको सन् २०१५ मा गएिको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणका नतिजाका आधारमा यसका मुख्य प्रयोजनहरू निम्नाअनुसार प्रस्तुत गरिएको छ ।

**विषय अन्तर्गत सबै विषयवस्तु क्षेत्रमा समान सिकाइ स्तर हासिल गर्ने** : परीक्षण गरिएका दुवै कक्षाका तिन ओटै विषयका विषयवस्तु क्षेत्रगत नतिजाको तुलनात्मक विश्लेषण गर्दा समान किसिमको सिकाइ उपलब्धि सबै विषयवस्तुको क्षेत्रमा हासिल हुन सकेको देखिएन । एउटा विषयवस्तु क्षेत्रमा भएको न्यून सिकाइले समग्र

विषयको उपलब्धि स्तरमा असर पारेको देखिन्छ । तसर्थ कक्षामा न्यून सिकाइ भएका विषयवस्तु क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रका विषयवस्तु सिकाइका लागि अभ्यास बढाउने, तुलनात्मक जटिल विषय क्षेत्रका विषयवस्तुमा अतिरिक्त र सहयोगात्मक शिक्षण सिकाइ सञ्चालन गर्न शिक्षक तयारी तथा थप सन्दर्भ सामग्रीको प्रबन्ध गर्न प्रयास केन्द्रित गर्नुपर्ने देखिन्छ । विद्यालय तहको शिक्षण सिकाइमा पठनबोध, स्वतन्त्र लेखन, सिर्जनात्मक लेखन अभ्यास तथा घोक्ने र सम्झने भन्दा बुझ्ने, वर्णन गर्नेजस्ता क्रियाकलापमा जोडदिनु पर्ने देखिन्छ । शिक्षक तालिमका पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा सुधारका क्रममा यी पक्षमा ध्यान दिनुपर्ने देखिन्छ ।

**उच्च संज्ञानात्मक सिप विकासमा अभ्यास बढाउने** : परीक्षण गरिएका तिन ओटै विषयसँग सम्बन्धित संज्ञानात्मक सिप र सामर्थ्यगत सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गर्दा विद्यार्थीहरू प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन क्षेत्रका कार्यमा कमजोर देखिएका छन् । कारण र तर्कद्वारा पुष्टि गर्ने, अनुमान गर्ने, समस्या समाधान गर्ने, विस्तृत प्रक्रियाको वर्णन गर्ने जस्ता सिप आवश्यक पर्ने कार्यका लागि आवश्यक सामर्थ्य वा सक्षमता विकासतर्फ विद्यमान शिक्षण सिकाइ केन्द्रित हुन सकेको देखिएन । तसर्थ उच्च दक्षता आवश्यक पर्ने कार्यमा विद्यार्थीहरूलाई संलग्न गराउने, कक्षा कार्य, गृहकार्य, परियोजना कार्यमा यस्ता अभ्यासको मात्रा बढाउने कार्यका लागि शिक्षक तयारी आवश्यक देखिन्छ भने साना कक्षादेखि नै यस्ता कार्यमा अभ्यास गराउन मूल्याङ्कन तथा परीक्षाका साधनहरूमा समेत सुधार आवश्यक छ । पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा यस्ता अभ्यासहरू पर्याप्त मात्रामा समावेश गरिनु आवश्यक छ भने स्तरीकृत मूल्याङ्कन तथा परीक्षा साधनका नमुना विकास गरी विद्यालयहरूमा उपलब्ध गराउने तर्फ पनि ध्यान जानु आवश्यक छ ।

**पढाइ र लेखाइ सिपको विकासका लागि नयाँ शिक्षण ढाँचाको विकास र शिक्षक तयारी** : उपलब्धि परीक्षणका नतिजाले विद्यार्थीहरू पढाइ र लेखाइ सिपमा कमजोर रहेको देखाएको छ । पढाइमा कमजोर हुनाले भाषा बाहेकका अन्य विषयमा पनि सिकाइ स्तर तुलनात्मक रुपमा कमजोर हुन पुगेको छ । यसर्थ निम्नानुसारका सक्षमता विकासलाई केन्द्रित गरी सबै विषयमा तल्ला कक्षादेखि नै शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षक तयारीका कार्य हुनुपर्ने देखिन्छ ।

- गति, यति, लयका साथ अर्थपूर्ण पठन अभ्यास
- बुँदा टिपोट र सारांश लेखन अभ्यास
- पुनर्वर्णन, पुनर्कथन, पुनर्लेखन अभ्यास
- भाव/आशय टिपोट, सोको वर्णन र व्याख्या अभ्यास
- शब्दार्थ र प्रयोग अभ्यास
- पठनबोधमा आधारित प्रश्नोत्तर क्रियाकलाप
- अनुच्छेद लेखन
- तर्क, कारण तथा अनुमानद्वारा भनाइ वा विचारको पुष्टि गर्ने अभ्यास
- निर्देशित र स्वतन्त्र अनुच्छेद लेखन अभ्यास
- घटना तथा प्रक्रिया वर्णन अभ्यास

**न्यून सिकाइ उपलब्धि हासिल गर्ने विद्यालयलाई उपयुक्त सहयोग कार्यक्रम विकास र कार्यान्वयन** : एउटै जिल्लाभित्र सहरी र ग्रामीण क्षेत्र, सुगम र दुर्गम स्थान तथा विद्यालयको अवस्थितिका आधारमा उच्चतम तथा न्यूनतम उपलब्धि हासिल गर्ने विद्यालयहरू छन् र तिनको उपलब्धि स्तरमा ठुलो अन्तर देखिन्छ । यस सन्दर्भमा कमजोर नतिजा प्रदर्शन गर्ने विद्यालय लक्षित विशेष सहयोग कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने पद्धति विकास हुनु आवश्यक देखिएको छ । कमजोर सिकाइ उपलब्धि हुनका विद्यालयगत कारणहरू पहिचान गर्न विद्यालयगत मामला अध्ययन गर्ने र सोका आधारमा सहयोग कार्यक्रम कार्यान्वयन हुने पद्धति पनि आवश्यक देखिन्छ ।

**मूल्याङ्कन तथा परीक्षा साधन विकास तथा प्रयोगमा क्षमता विकास** : कक्षाकोठादेखि विद्यालय, जिल्ला तथा केन्द्रतहसम्म सञ्चालन हुने विभिन्न मूल्याङ्कन तथा परीक्षाहरूमा स्तरीय परीक्षा तथा मूल्याङ्कन साधन प्रयोग हुने अवस्था सुनिश्चित गर्नु आवश्यक देखिन्छ । स्तरीय मूल्याङ्कन तथा परीक्षा साधन विकासमा शिक्षक क्षमता विकास कार्यक्रम कार्यान्वयन हुनु पर्ने पनि देखिन्छ । शिक्षक तालिम तथा विकासका विद्यमान कार्यक्रम तथा पाठ्यक्रमले यस किसिमको क्षमता विकासलाई यथेष्ट ध्यान दिनु पर्दछ । त्यसैगरी मूल्याङ्कन र परीक्षालाई विद्यार्थीको सिकाइमा सुधार गर्ने प्रयोजनका लागि प्रयोग गर्ने परिपाटीको विकास र सुदृढीकरण आवश्यक देखिन्छ ।

## निष्कर्ष

शिक्षाको समग्रमा सुधारका लागि थुप्रै प्रयासहरू विभिन्न पक्षबाट भई राखेका छन् । परिणाम स्वरुप विद्यालय शिक्षामा केही सुधारहरू पनि भएको देखिन्छ तापनि यो परीक्षणको नतिजाले अझै पनि सिकाइ स्तर तुलनात्मक न्यून रहेको देखाउँछ । एकातिर विद्यार्थीको सिकाइ उपलब्धिमा विगत भन्दा अपेक्षित सुधार हुन सकेको देखिदैन भने अर्कोतिर सिकाइ उपलब्धिमा विभिन्न क्षेत्र, स्थान र विद्यालयबीच भिन्नता तथा असमानताहरू देखिएका छन् । यस्तो अवस्थामा नीति निर्माणदेखि कार्यान्वयन तहसम्म सुधार केन्द्रित हुनु पर्ने देखिन्छ । यसका साथै कमजोरीका कारणहरू पहिचान गर्न र तदनुरुपको सुधारका कार्यक्रम कार्यान्वयन तर्फ प्रयास केन्द्रित गर्नुपर्ने देखिन्छ ।